# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ८ जेठ २०८०

# सोमवार

# बैठक सङ्ख्या- ७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८० साल जेठ ५ गते शुक्रवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८०/०८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलको क्रम जारी रहन्छ ।

माननीय नर बहादुर विष्ट । समय ६ मिनेट । यसपछि माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१३:०६ बजे) **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, संघीय सरकारको २०८०/०८१ को नीति तथा कार्यक्रममाथि छलफल गर्दै गर्दाखेरि मैले समग्र रूपमा यो २०८०/०८१ को नीति तथा कार्यक्रम सरसर्ती अध्ययन गरें । १ देखि ८८ सम्मको नम्बरमा लेखिएको छ । अहिलेको सापेक्षतामा यो नीति कार्यक्रमले सम्बोधन गरेको छ । नेपाली जनताको चाहनाअनुसार र राज्यले गर्नुपर्ने दायित्व सबै

ठाउँमा यसको राम्रा कामहरू पनि छन् । र मुख्य चुनौती भनेको कार्यान्वयनको पाटो हो । सधैंभरी हामीले राम्रै नीति तथा कार्यक्रमहरू ल्याउँछौं । तर कार्यान्वयन गर्दाखेरि जेठ १५ गते बजेट आउँदैछ । कार्यान्वयन कहिले हुन्छ? असारको अन्तिमतिर हुन्छ । तीन महिने अभियान । तीन महिनामा सम्पूर्ण नेपालको खर्च सक्ने प्रवृत्ति जो छ । त्यो सक्ने प्रवृत्तिलाई नयाँ ऐन ल्याएर हामीले जेठ मसान्तसम्म सक्ने गरीकन ल्यायौं भनेपछि यसलाई कार्यान्वयन गर्न प्रतिबद्धता छ । तर हामीले चलाएको के छ भनेदेखि २०१३ सालमा विकास तत्कालीन अवस्थामा संविधान अथवा ऐन कानुन नभएको बेलामा अध्यादेशमार्फत ल्याएको २०१३ सालको विकासी ऐन जो छ । त्यही ऐनको आधारमा अहिलेसम्म दुइओटा संविधान बदलिसक्यौं हामीले । गणतन्त्र आइसक्यो । तर २०७२ को संविधान गणतान्त्रिक संविधान आउँदाखेरि पनि अहिले पनि विकास निर्माणका कामहरू ऐनको आधारमा यहाँ उल्लेखित त गरेको छ । ती विभिन्न खालका विकास समितिहरू टोटलमा यसको १८० ओटा विकास समिति रहिछन् । त्यो १८० ओटा विकास समितिको माध्यबाट कानुन बनाएर, नियम बनाएर आदेश दिएर मात्रै हुने तर हामीले प्रमुख कुरा भनौं ऐन ल्याउन जरुरी छ ।

अहिलेको संविधान २०७२ को संविधानअनुसार ऐन ल्याएर यसलाई कार्यान्वयन गर्न गयौं भनेपछि निश्चित रूपमा यो नीति तथा कार्यक्रमले सम्बोधन गरेका कुराहरू हामी सफल हुन सक्छौं । यो कार्यान्वयनको वर्षको रूपमा जनताको समृद्धिको रूपमा सुख शान्तीको रूपमा यो चाहिँ तपाईंको नीति तथा कार्यक्रमले सम्बोधन गरेको छ । भने अर्को कुरा के छ भने हामी धेरै कुराहरू यहाँ सदनमा उठेर राज्य अहिले असफल हुँदैछ भनेर आर्थिक सङ्कट पऱ्यो भन्दै छौं । तर आर्थिक सङ्कटको मेन उद्देश्य कहाँ गएर चाहिँ तपाईंको आर्थिक सङ्कट भइराखेको छ भनेर अध्ययन कसैले पनि गर्दैन ।

मैले धेरै चोटी यसको अध्ययन गरें । अहिले नेपालमा चाहिँ तपाईंको यो क्रिप्टो करेन्सी भन्ने चलेको छ । र अनलाइन जुवामाध्यम जसको क्रिप्टो करेन्सीमा पन्ध्र लाख नेपाली मान्छेहरू इनभल्व छन् । त्यसमा करिब पन्ध्र खरब रुपैयाँ त्यो क्रिप्टो करेन्सीमार्फत बाहिर गइराखेको छ । हामीले भन्सारको दर उठायौं । उठ्दैन भनेर चाहिँ आवाज उठाइरहेका छौं । अध्ययन गर्दैनौं । आधुनिक जमाना, २१ औं शताब्दीमा आएको यो जमानामा पनि हामी विज्ञानको युगमा पनि हाम्रा कर्मचारी तपाईंको हाम्रा सम्पत्ति शुद्धिकरण विभाग छ । राजस्व विभाग छ । तर ती राजस्व विभागका मान्छेलाई यो गर । यो अध्ययन गरेर हेर्नुहोस् भन्दाखेरि उहाँले थाहा पाउनुहुन्न । किन भने पुरानै शैलीमा छ । त्यसैले अहिले यो विज्ञान युगमा नयाँ शैलीमा ल्याउँदा, नयाँ प्रविधिको विकास भइसकेको छ । कि नेपाल कतिको नम्बरमा पर्छ त

क्रिप्टो करेन्सिमा भन्दाखेरि संसारमा सोह्र नम्बरमा पर्दो रहिछ । जनसङ्ख्याको हिसाबले भारत एक नम्बरमा छ । थाइल्याण्ड दुइ नम्बरमा छ ।

तपाईंको एउटा काण्ड छ । भारतमा १३२ करोड डलर लिएर क्रिप्टो करेन्सी एक जना फरार भयो । त्यस्तै नेपालमा पनि भयावह स्थिति छ । त्यसैले म सम्माननीय सभामुखमार्फत, सम्मानित सभा अध्यक्षमार्फत यो नीति तथा कार्यक्रममा पनि यो एउटा बुँदामा राखिएको छ । हुन्डी अहिले क्रिप्टोमार्फत गइराखेको छ । आयात हुन्छ । कहाँबाट पठाउँछ पैसा, पहिला हुन्डीमार्फत पठाउथ्यो भने अहिले क्रिप्टोबाट पठाइराखेको छ । त्यो मान्छेले । अनि त्यसरी पनि यो राजस्वको यहाँ जुन खालको अन्योलता सृजना भएको छ । यसलाई चाहिँ एउटा ऐन बनाएर नियन्त्रण त गर्न सकिँदैन तर यसलाई करको दायरामा ल्याउन पनि सकिँदैन । तर यसलाई कारबाही गर्यौं भनेदेखि यहाँभन्दा एक दुइओटा कारबाही भएको मैले बुझ्या छु । एउटा ६६ करोडको, एउटा ५० करोडको । यो चाहिँ तपाईंको अभौतिक बैंकिङ सेवा जस्तै हो ।

रुसमा, अमेरिकामा, युरोपिन देशमा यसको निश्चित अवधि बना'को छ । निश्चित डलरमा खर्च गरेर राज्यले नियन्त्रण गर्छ । तर हाम्रो पन्ध्र खरब डलर चाहिँ तपाईंको अपचलन भइराखेको छ । नेपालको अहिलेको यो बजेटभन्दा बढि छ । पन्ध्र लाख नेपाली यसमा इन्भल्व छन् । यहाँ चाहिँ तपाईंको यो नीति तथा कार्यक्रम १६७ बुँदामा राखिएको छ । तर यसलाई कडाइका रूपमा लागुगर्ने भन्ने छ । यस्ता थुप्रै कुराहरू छन् । र समग्र रूपमा म यो नीति कार्यक्रम अहिलेको देश सुहाउँदो, परिस्थिति सुहाउँदो र समग्र जनताको हितमा कृषि, औद्योगिक क्षेत्रदेखि लिएर सबै जनताको पहुँच कृषिमा बृद्धि, उत्पादनमा बृद्धि, औद्योगिक पुराना उद्योगहरूलाई पुर्नस्थापना गर्ने जुन खालको नीति लिएको छ । यो नीतिलाई कार्यान्वयन गर्नको लागि मैले अन्त्यमा के भन्न चाहन्छु तभन्दाखेरि नयाँ ऐन ल्याउँ ऐनमार्फत यसलाई चाहिँ तपाईंको दुई ..... (समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय दिल कुमारी रावल थापा "पार्वती" । समय ११ मिनेट । यसपछि माननीय कमला पन्त ।

(१३:१३ बजे) <u>**माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिमाज्यूबाट संघीय संसदमा प्रस्तुत

गर्नुभएको नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि हामी छलफलमा भाग लिइरहेका छौं । संसद जनताको भावनामाथि हामी छलफलमा जुटि रहेकाछौं । संसद भनेको जनताको भावना, मुलुकको आवश्यकतामाथि छलफल गर्ने बैधानिक थलो हो । यसलाई व्यवस्थित मर्यादित र प्रभावकारी बनाउन संसद र सरकार दुवै गम्भीर बन्नुपर्छ भन्ने कुरा म सुरुमै राख्न चाहन्छु ।

सरकारलाई जनता र मुलुकप्रति जवाफदेहि, उत्तरदायी बनाउने निकाय संसद हो । कतिपय राजनीतिक दल र दलीय विषयमा हामी आआफ्नो दलप्रति उत्तरदायी हुन सक्छौं । तर समग्रमा देशको विकास, जनताको मानवअधिकारको रक्षा र मुलुकको समृद्धिको लागि हामी सिङ्गो संसद एक हुनुपर्छ भन्ने मलाई लाग्छ । त्यसो हुन सकिरहेको छैन भन्ने मलाई लाग्छ ।

प्रस्तुत नीति र कार्यक्रममा हामी छलफलमा भाग लिइरहँदा हामी सबैले महसुस गरेको यही सदनमा हामीले सार्वजनिक महत्त्वको प्रस्तावमाथि पनि छलफल गरेको विषय ।

(१३:१४ बजे) <u>पीठासीन</u>:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- अहिले हामी आर्थिक अवस्था कमजोर आर्थिक अवस्थामा छौं । मुलुक आर्थिक सङ्कटमा छ । भनिरहेका छौं । वेरोजगारी बढिरहेको छ । महङ्गी बढिरहेको छ । सामान्य जनताले आफ्नो जीवन निर्वाह गर्न धौं धौं भइरहेको स्थिति छ । कतिपय मान्छे आफ्नो व्यवहार चलाउन नसक्दा आफ्नो अमुल्य जीवन आत्महत्या गरेर आफ्नो जीवनलाई अन्त्य गरिरहेको घटना, दुःखद् घटनाहरू हामीले देखिरहेका छौं, सुनिरहेका छौं । हेरिरहेका छौं । यो गम्भीर परिस्थितिमा प्रस्तुत भएको नीति र कार्यक्रम जुन गम्भीरतापूर्वक आउनुपर्थ्यो । जुन विशिष्टकृत ढङ्गले आउनुपर्थ्यो । त्यो आउन सकेको छैन । जुन गम्भीरता हुनुपर्थ्यो । त्यो देखिएन ।

राष्ट्रियताको सवाल होस् वा परराष्ट्र नीतिका सवाल होस् । मुलुको नीतिगत सुधार र संरचना सुधारको व्यवस्थाका सन्दर्भमा राष्ट्रिय बहस हुनुपर्थ्यो । संसद बहस गर्ने छलफल गर्ने थलो हो । हाम्रो परराष्ट्र नीतिका सन्दर्भमा अथवा अहिले सङ्कट भएको आर्थिक सङ्कटका सन्दर्भमा अब मुलुकलाई विकासमा अगाडि बढाउनको लागि जनताका सवालहरूमा हामी कसरी अगाडि बढ्ने भन्ने विषयमा जुन गम्भीरतापूर्वक छलफल भएर राष्ट्रिय सहमति हुनुपर्थ्यो । गम्भीरतापूर्वक अगाडि बढ्नुपर्थ्यो । त्यो हुन सकेन ।

आवश्यकता र औचित्य त हामीले पुष्टि गर्न सकिरहेका छैनौं । फेरि पनि हामीले दवाव र प्रभावका आयोजनाहरू निर्माण हुनी अवस्था देखिरहेका छौं । विकास असन्तुलित हुने देखिरहेका छौं । हाम्रो संविधानले भनेको समावेशी विकास समन्यायी विकास हुन सकेको छैन । समावेशी र समन्यायी विकास गर्न स्पष्ट नीति र कार्यक्रम अहिलेको यो प्रस्तुत नीति तथा कार्यक्रममा पनि आउन सकिरहेको छैन ।

बुँदाहरू हेर्दा नीति तथा कार्यक्रमका बुँदाहरू हेर्दा ६ देखि १२ सम्मका बुँदाहरू सरसर्ती अध्ययन गर्दा संविधान कार्यान्वयनको चरणमा छौं । संघीयताका कार्यान्वयनको चरणमा छौं । संघीयता कार्यान्वयन भनेको केबल चुनावको र सरकार गठन, विगठन र पुर्नगठन मात्र होइन । तीन तहको सरकारको बिचको छलफल बहस हुन सकेको छैन । थुप्रै समस्याहरू छन् । स्थानीय तहमा आज कर्मचारी नभएर विकास निमार्णका कार्यक्रमहरू अवरुद्ध भएका छन् । त्यसलाई अन्त्य गर्नतर्फ त्यो समाधान गर्नतर्फ हाम्रो संविधानले व्यवस्था गरेको वैधानिक निकाय भनेको अन्तर प्रदेश परिषद् हो । जो सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा हुन्छ । मलाई लाग्छ । दुइटा प्रधानमन्त्री बनिसक्नुभो' दुई वर्षभन्दा बढी समयदेखि यो अन्तर प्रदेश परिषद् बस्न सकेको छैन । यसले गर्दा स्थानिय तहको र प्रदेशका समस्याहरू समानधान हुनेतर्फ यो महत्त्वपूर्ण संवेदनशील ढङ्गले छलफल हुन सकिरहेको छैन ।

त्यसैले हामीले संघीयताको कार्यान्वयन, संविधानको कार्यान्वयन गरिरहँदा यही सदनमा हामीले महिलाहरूसँग सम्बन्धित सार्वजनिक महत्त्वका सङ्कल्प प्रस्ताव पास गर्यौं । दलित समुदायको हक अधिकारलाई सुनिश्चित गर्न मौलिक हक कार्यान्यवन गर्नका लागि हामीले त्यो कुरा उठायौं । तर त्यसतर्फ पनि सङ्कल्प प्रस्तावमा सरकारले जारी गरेको प्रतिबद्धतामाथि पनि नीति कार्यक्रमले बोल्न सकिरहेको छैन ।

नीति तथा कार्यक्रममाथि छलफल गरिरहँदा पहिलो कुरा राष्ट्र, राष्ट्रियता हाम्रो सार्वभौम भन्ने ठूलो कुरा हो । मैले यो नीति कार्यक्रमको १८२ बुँदा हेरिरहँदा राष्ट्रको सर्वपरी हितलाई ध्यानमा राखेर संयुक्त राष्ट्र सङ्घको बडा पत्र, असंलग्नता, पञ्चशिलताको सिद्धान्तको आधारमा स्वतन्त्र, सन्तुलित परराष्ट्र नीति सञ्चालन गरिनेछ । छिमेकी राष्ट्रसँग सबै मित्र राष्ट्रहरूसँग सार्वभौम, समानता पारस्पारिक सम्मान लाभका आधारमा दुइपक्षीय सम्बन्ध विस्तार र सुदृढ गरिनेछ । संयुक्त राष्ट्र सङ्घका प्रावधानमा विश्व शान्ति स्थापना कार्यमा संलग्नता बढाउँदै नेपालको विशिष्ट योगदान अनुरूप नेतृत्व, प्रतिनिधित्व बढाउने भन्ने कुरा लेखेको छ । तर आज एउटा सञ्चारमाध्यममा आएको समाचारले मलाई ध्यान आकर्षण गरेको छ । म आफै संलग्न भएको एउटा भ्रमण जो हाम्रै सदनका सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाका अध्यक्षज्यूको

नेतृत्वमा हामी सांसदहरूको उच्चस्तरिय प्रतिनिधि मण्डल यही वैशाखको ६ गतेदेखि ११ गतेसम्म रसिया भ्रमणमा गएका थियौं । त्यो रसिया भ्रमण धेरै महत्त्वपूर्ण ढङ्गले हामी सहभागी भएका थियौं । हामी सहभागी भएका थियौं । छलफलका विषय खुल्ला खुल्ला ढङ्गले त्यहाँ छलफल भएको थियो । हामी सबै दलीय हिसाबले महत्त्वपूर्ण व्यक्तित्वहरू त्यो कार्यक्रममा सहभागि थियौं । र हरेक विषय, हरेक भेटघाट, छलफल सम्माननीय अध्यक्षज्यूको उपस्थितिमा हामी सबै एकै ठाउँमा उपस्थित भएर खुल्ला खुल्ला ढङ्गले आमुन्ने सामुन्ने बसेर दुइपक्षीय हितका विषयमा नेपाललाई जलविद्युतमा पहिलो सहयोग गर्ने मित्र राष्ट्र तत्कालीन रुस । अहिलेको रसिया रहेको र नेपालमा बालबालिकासम्बन्धी बाल अस्पताल स्थापना गर्न महत्त्वपूर्ण योगदान गरेको रसियाले पछिल्लो समयमा हाम्रो दुइपक्षीय सहयोग आदान प्रदानमा केही कमी आएको कुरा हाम्रो भ्रमण दलका टोलीका सम्माननीय अध्यक्षज्यूले प्रस्तुत गरिहँदा त्यो कुरालाई उहाँहरूले पनि आत्मसात् गरेको थियो र अब नयाँ ढङ्गले सहकार्य गर्ने, साझेदार गर्न नेपालको आवश्यकतामा हामी कसरी योगदान पुऱ्याउन सक्छौं । सहयोग गर्न सक्छौं भनी खुला मनका साथ जुन छलफल भइरहेको थियो । त्यो छलफललाई हामीले धेरै महत्त्वका साथ हेरेका थियौं ।

अहिले जम्मा १८ जना मात्रै इन्जिनियरिङ र शिक्षा सेवामा अध्ययन गरिरहेका नेपाली विद्यार्थी रसियामा छन् भनि अब कति सङ्ख्यामा नेपाली विद्यार्थीहरू त्यहाँ आवश्यक अध्ययनको लागि कोटा चाहिन्छ । त्यस्तै यहाँका पूर्वाधार निर्माणका थुप्रै कुराहरू छन् । ती कुराहरूको बारेमा उहाँले प्रस्ताव औपचारिक ढङ्गका प्रस्तावहरू उहाँले हामीलाई खुला ढङ्गले वार्तामा कुरा गरिरहँदा हाम्रो तत्कालीन भम्रण टोलीका नेतृत्वकर्ता सम्माननीय अध्यक्षज्यूले यी सबै विषयलाई म नेपाल सरकारलाई जानकारी गराउने छु भनी प्रतिबद्धता जाहेर गर्नुभा'थ्यो।

साँच्चै रसिया र नेपालको दुइटा संसद बिचको अनुभव आदन प्रदान गर्ने, संसदीय अभ्यास र अनुभवहरूलाई एक अर्कामा अनुभवहरू आदन प्रदान गर्ने हिसाबले संसदीय समूह गठन गर्ने कुराहरू दुई संसदका अनुभवहरू आदन प्रदान गर्नका लागि त्यहाँ चाहिँ हस्ताक्षरहरू पनि भएका थिए । यो कुराहरू आइरहँदा आज मैले एउटा सञ्चार माध्यममा थाहा पाएँ । परराष्ट्र मन्त्रालयको हवला दिएर परराष्ट्र मन्त्रालयको संयन्त्रबाट केही पनि प्रक्रिया जुन अहिले सम्माननीयज्यू फर्केर आइसकेपछि सम्माननीय प्रधानमन्त्रीज्यूसँग जुन कुराहरू भयो त्यहाँ भएका विषयहरू त्यसपछि नेपाल सरकारका विभिन्न मन्त्रालय चाहे पर्यटन मन्त्रालयसँगका कुरा होस् । चाहे कृषि मन्त्रालयसँगका कुराहरू सकारात्मक ढङ्गले अगाडि बढाउँदा आज एउटा सञ्चारमाध्यममा त्यो भ्रमणलाई लक्षित गरी केही विषयहरू बाहिर आएका रहिछन् । त्यो भम्रण

दलमा सहभागि भएका एउटा जनताको प्रतिनिधिको हिसाबले म यो विषय यहाँ राख्न आवश्यक ठानेको छु ।

परराष्ट्र मन्त्रालयको संयन्त्रबाट केही पनि प्रक्रिया अगाडि बढाएको छैन । तर नेपालका पदाधिकारीहरू आफुखुसी भ्रमणमा जाँदा गरेको कुराहरूलाई सरकारको चाँसो हुन्न । राष्ट्रिय सभाका अध्यक्षज्यूले कुन हिसाबले रुससँग आर्थिक र विकास साझेदार गर्नुभयो? हामीलाई त्यसबारेमा जानकारी छैन । परराष्ट्र मन्त्रालयका एक पदाधिकारीले भने नेपाल अहिले रुससँग नजिक हुने वा टाँढा हुने कुनै प्रकारको प्रक्रिया अगाडि बढाएको छैन । रुस हाम्रो मित्र हो । हामीले कार्यकारी तहबाट कूटनीतिक रूपमा छलफल नभइकन अगि बढेका कुरामा काम गर्नु पर्छ भनि हुन्न । परराष्ट्र मन्त्रालयसँग छलफल गरेर काम हुनुपर्नेमा राष्ट्रिय सभाका अध्यक्षज्यूले भ्रमणमा भएको छलफललाई आधारमा पत्राचार गर्नु ठिक नहुने ती अधिकारीले बताए । रुससँग सहकार्य नेपाल अन्य पश्चिम मित्र राष्ट्रहरूले नजिकबाट हेरिरहेको कुरा पनि यो समाचारमा आ'को छ । पत्रमा रुसी पूर्वपश्चिम रेलमार्ग निर्माण, पोखरा सडक निर्माण, रायासनिक मल उपलब्ध गराउने, खेलकुद सहकार्य गर्ने, विशेष गरेर बुद्धिचाल खेलमा ।

त्यस्तै गरेर सांस्कृतिक र धार्मिक सम्बन्धहरूलाई जोड्नी रुसि बुद्धिष्ट मन्दिर लुम्बिनीमा बनाउनेलगायत रुसमा अहिले १८ जना रहेका विद्यार्थी मेडिकल विद्यार्थी, इन्जिनियनिङ विषयका विद्यालय १५० देखि २०० छात्रवृति उपलब्ध गराउने पत्रमा उल्लेख गरेको विषयमा रुसले छात्रवृति अभिबृद्धि गर्ने विषयबाहेक अन्य कुरा नेपाल सरकारले आफै पैसा खर्च बेहोर्ने भनेर यो समाचार आएको छ । हामी प्रत्यक्ष त्यहाँ सहभागि हुँदा खर्च नेपाल सरकारले बेहोर्ने भन्ने कुरा भ'को छैन । यहाँ हामीले खुल्ला खुला कुरा गरिरहँदा त्यहाँ चाहिँ नेपालको आवश्यकता के हो? थुप्रै सडक सञ्जालको कुराहरू छन् । रेलमार्गका कुराहरू छन् । अस्पताल निर्माणका कुरा छन् । विद्युत् निर्माणका कुरा छन् ।

थुप्रै कुराहरू निर्माण गरिरहँदा अहिले मुख्य गरेर पोखरा सडक निर्माण र विशेष गरेर बालबालिकासम्बन्धी बाल क्यान्सर अस्पताल । जुन सुरुमा अहिले बाल अस्पताल, कान्ति बाल अस्पताल सुरुवात गरेको रुसले त्यसलाई अझै अपडेट गर्नको लागि क्यान्सरसँग सम्बन्धित बालबालिकासम्बन्धी अस्पताल निर्माण गर्ने त्यो सहयोगका कुराहरू गरेको अरू विषयहरूमा चाहिँ नेपालको आवश्यकतामा रहेर हामी छलफल गर्न तयार छौं । नेपालले औपचारिक रूपमा चाहिँ त्यो कुरा गरोस् भनेर खुल्ला कुरा भइरहेको विषयलाई आज एकतिर हामी असंलग्नता परराष्ट्रको नीति कुरा गरिरहँदा (सम्माननीय अध्यक्षज्यू, म एक मिनेट समय पनि चाहन्छु ।) यो एउटा महत्त्वपूर्ण विषय पनि छ । किन कि स्पष्ट हुन चाहन्छ । एउटा संसदको अध्यक्षको भ्रमणमाथि

आज यो जुन लालचाना लगाउने ढङ्गले कुराहरू भइरहेको छ । म नेपाल सरकार र परराष्ट्र मन्त्रालयलाई के हो? परराष्ट्र मन्त्रीज्यूको धारण यो संसदमा चाहिन्छ । एउटा चाहिँ उच्चस्तरको भ्रमण टोलीबाट र सांसदहरूको प्रतिनिधि मण्डल अध्यक्षज्यूको नेतृत्वमा भएको भ्रमण टोलीले गरेको विषय चाहिँ जुन ढङ्गले पत्रिकामा बाहिर आ'को छ । समाचारमा बाहिर आ'को छ । यसले हाम्रो सन्तुलित परराष्ट्र नीति हामी एकातिर एउटा देशको समर्थन गरिरहँदा अर्कोतिर हाम्रो एउटा स्पष्ट परराष्ट्र नीति असंलग्नता छ । सन्तुलित नीति छ । त्यो नीतिभन्दा बाहिर गएर आज परराष्ट्र मन्त्रालयको पदाधिकारीको हवला दिएर जुन खालको संसद संसदीय भ्रमण टोली, संसदका प्रमुखमाथि जुन खालको प्रश्न उठेको छ । के त्यो भ्रमण गैरकानुनी थियो? नाजायज थियो भनेर भन्न सक्नुपर्यो सरकारले । होइन भने सरकारकै तर्फबाट जुन खालको विषय उठेको छ । यो विषयमा चाहिँ म प्रष्ट पार्नको लागि नेपाल सरकार, परराष्ट्र मन्त्रीज्यूलाई सदनमा आएर यो विषय के हो? र मित्र राष्ट्रसँग जुन हाम्रो एउटा दौत्य सम्बन्ध छ ।

रसिया र नेपालको बिचको । थुप्रै आगामी दिनमा हामी हाम्रो उत्पादकत्वलाई बृद्धि गर्नको लागि । हाम्रो विकास र समृद्धिलाई भौतिक पूर्वाधार निर्माणलगायत अहिले हाम्रो जुन शिक्षा र स्वास्थ्यको जुन कमजोर स्थिति छ । यसलाई बृद्धि गर्नको लागि जुन रसियाले चासो देखा'को छ । एउटा सौहार्दता मितेरी सम्बन्ध देखाएको छ । यो सम्बन्धलाई चाहिँ दरार पैदा गर्ने हिसाबले आज यो विषय उठेको छ । यो विषयमा गम्भीरतापूर्वक नेपाल सरकार, परराष्ट्र मन्त्रालयले यस बारेमा तथ्य सत्य बाहिर ल्याउन पर्‍यो । कि यो चाहिँ यो गलत सूचना हो भनी सरकारले कारबाहीको दायरामा ल्याउनुपर्छ भन्ने कुरा पनि म राख्न चाहन्छु । फेरि पनि सरकारको नीति कार्यक्रमलाई चाहिँ कार्यान्वयनमा अहिले पनि जनताले खोजेको भनेको मल नागरिकले खोजे भनेको ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय कमला पन्त । समय ५ मिनेट । त्यसपछि माननीय जयन्ती देवी राई ।

(१३:२५ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, हामी सरकारको नीति तथा कार्यक्रम सम्माननीय राष्ट्रपतिज्यूमार्फत स्वास्थ्य प्रतिकूल स्वास्थ्यको बाबजुद पनि आएर हामीलाई सम्बोधन गर्नुभो' । संसदको दुवै सदनमा सम्माननीय

राष्ट्रपतिज्यूलाई धन्यवाद दिँदै र उहाँको स्वास्थ्यको शीघ्र स्वास्थ्य लाभको पनि काम गर्दै केही कुराहरू समय थोरै छ ।

अध्यक्ष महोदय, यो नीति तथा कार्यक्रम धेरै कुराहरू सकारात्मक छन् । हामीलाई चिन्ताको विषय भनेको कार्यान्वयनको विषय हो अध्यक्ष महोदय । त्यसले गर्दा कार्यान्वयन कस्तो हुन्छ भन्ने कुरा र बजेट कसरी आउँछ । सरकारले बजेट कसरी ल्याउँछ भन्ने कुरा चाहिँ महत्त्वपूर्ण कुरा हो । र यसमा सकारात्मक कुरा गर्दाखेरि भ्रष्टाचार नियन्त्रणप्रति प्रतिबद्ध छ । र केही सङ्केतहरू पनि देखिएका छन् । सरकार यसमा अडिक रहेर भ्रष्टाचार सुशासनको निम्ति भ्रष्टाचारलाई चाहिँ अन्त्य गरोस् । शुभकामना पनि व्यक्त गर्न चाहन्छु ।

र म चाहिँ अर्को चाहिँ हरित अर्थतन्त्रको कुरा गरेको छ । हामी चाहिँ यो प्राकृतिक रूपमा नेपाल समृद्ध छ । हरित अर्थतन्त्र भनेको महत्त्वपूर्ण विषय उठाएको छ । यसमा स्वागत गर्दै र मुलुक प्रकृतिमैत्री अर्थतन्त्रको कुरालाई यसले कुरालाई उठाएर यसलाई पूर्णता दिएको छ भन्ने मैले महसुस गरेको छु । समावेशी विकासको कुरा गरेको छ । हुने र नहुनेको बिचको खाडल अध्यक्षज्यू, यति ठूलो खाडल छ । नहुने र हुने बिचको खाडललाई केही कम गर्दै गएर समावेशी अर्थतन्त्रको विकास गर्दै गयो भने यो महत्त्वपूर्ण पक्ष हो भन्ने मलाई लागेको छ ।

र अर्को कुरा मैले संसदमा कुरा उठा'को पनि थिएँ । तर हरेक वर्ष यसरी प्रतिबद्धता जाहेर गरेको छ राज्यले, सरकारले तर कार्यान्वयन भएको छैन । यो विदेशमा रहेका नेपालीहरूले पनि मतदान गर्ने अधिकार जुन छ । मतदान अब नागरिकता हामीले दियौं । हामीले पासपोर्ट दिएर पठा'का छौं । नागरिक नेपालकै नागरिक छ तर मतदान गर्ने अधिकार पा'को छैन । यो यसको प्रतिबद्धता छ, कार्यान्वयनको निम्ति म अनुरोध गर्न चाहन्छु ।

र यो मेक इन नेपाल र मेड इन नेपालमा यो २० प्रतिशत बढी पर्‍यो भने पनि यसलाई चाहिँ प्रयोग गर्नुभन्ने कुरा जसरी आएको छ मलाई चाहिँ आसा पलायको छ कि स्वदेशी वस्तुलाई खरिद गर्ने, स्वेदेशी वस्तुको खरिद गर्ने जुन कुरा गरेको छ । यो चाहिँ सकारात्मक रूपमा मैले लिएको छु । र राष्ट्रिय सहकारी नीति यो के भयो? अहिले यति धेरै नेपालीहरू विक्षिप्त हुन पर्ने र अर्थतन्त्रमा यसको धेरै समस्या आ'को चाहिँ सहकारीकै कारण हो । न यो चाहिँ कहाँ गयो? वेपत्ता भयो । कहाँ भाग्यो? यो सहकारी चाहिँ खतम भयो । अरबौं बजेट थियो । यति सदस्य थिएँ । सदस्यहरू निरास छन् । कोही चाहा आत्महत्या गर्न बाध्य भएँ । नसुनेको र नभनेको दिनै छैन् ।

यो सहकारीलाई कसरी अनुगमन गर्छ? र यसलाई कसरी व्यवस्थित गर्छ? भन्ने कुरा यो महत्त्वपूर्ण कुरा हो । र बचत तथा ऋणलाई उत्पादन तथा श्रम क्षेत्रमा केन्द्रित गर्ने प्रतिबद्धता जुन आएको छ । यसलाई अनुगमन गर्दै यो काम गर्न सक्यो भने यो नीति तथा कार्यक्रम राम्रो छ भन्ने मलाई लागेको छ ।

२०८० को दशकलाई नेपाल भ्रमण दशक र २५ लाई चाहिँ विशेष पर्यटन वर्षका रूपमा मनाउने नीति कार्यक्रम र कार्यक्रम चाहिँ स्वागत् योग्य छ अध्यक्ष महोदय । र अरू धेरै कुराहरू छन् र मलाई केही भन्न मन लागेको केभन्दा हामी गरिबी घरपरिवार र परिचयपत्रको कुरा गर्यौं । दुई वर्ष समय भन्यौं । ३६ ओटा जिल्लामा परिचयपत्र दिइसक्या छ । घरपरिवार चाहिँ यो पाँच वर्ष अगि नै २६ जिल्लामा तीन लाखभन्दा बढी गरिब परिवारलाई परिचयपत्र वितरण गरिसकेको छ । (अध्यक्षज्यू, म थोरै समय माग्छु ।) गरिएको छ । थप २३ जिल्लामा तयारी अवस्थामा रहेको विधितै छ । सरकार अझै परिचयपत्र वितरण गर्न मात्र पनि अरू दुई वर्षको समयको कुरा गरिरहेको छ । यसमा केले अलमल भा'को छ? किन दियो? गर्छु भन्दै नगर्दै गर्नाको कारण के हो? युवासँग सरकार कोही छैन वेरोजगार भन्ने नारा आ'को छ । यसमा चाहिँ कार्यक्रम के छ त? कार्यक्रम कसरी आउँछ मैले अगि नै भनिसकें । बजेट कसरी आउँछ? र यो कार्यक्रम कसरी आउँछ? यो महत्त्वपूर्ण कुरा चाहिँ मलाई लागेको छ ।

एकीकृत बस्ती विकास मैले अस्ति पनि कुरा उठाएँ । अन्तत्गत्व हामी नगइकन सुखै छैन । एकीकृत विकास बस्तीमा कहिले बाघले खायो । कहिले हात्तीले खायो । कहिले बादरले लखट्यो । कहाँ गएर बाँच्चि भन्ने यो समस्या छ । एकीकृत बस्ती विकास चाहिँ जरुरी छ । त्यसले गर्दा अध्यक्ष महोदय । अब म सक्नै लागि सके । यो स्वास्थ्य बीमा भनेको चाहिँ यो चाहिँ जनतालाई दुःख दिने काम भा'को छ । यसलाई व्यवस्थित गर्न पऱ्यो स्वास्थ्य बीमालाई । दुइटा क्लासका मान्छे भएर हस्पिटलमा गए भने बिमा गर्ने मान्छेहरू त अल्मलमा तीन चार दिनसम्म डाक्टर चेकअप गर्न पनि पाउँदैन । यो स्वास्थ्य बीमालाई व्यवस्थित गर्नपर्यो ।

र शिक्षालाई अध्यक्षज्यू, शिक्षा चाहिँ हुने र नहुनेको बिच खाडल यत्रो ठूलो भइसक्यो । कि यो शिक्षालाई कसरी के गरिबले पढ्नै नपाउनी? अनि सामुदायिक विद्यालयमा त्यत्रो लगानी गरेको छ सरकारले त्यसलाई क्वालिटी एजुकेशन दिन सक्यो भने हुन्छ । त्यसको प्रतिबद्धता खोइ? त्यसले गर्दा यी कुराहरूमा सरकारले जसरी पनि यसलाई शिक्षा र स्वास्थ्य यसको नैसर्गिक अधिकार हो । मौलिक हकमा पनि छ । यी कुराहरूलाई चाहिँ ध्यान दिनुपऱ्यो ।

अन्तमा अध्यक्षज्यू, महिलाहरू गृहिणी महिलाहरू पढे लेखेका महिला सबैलाई कसरी अवेर गराउने महिलाहरूलाई इनकम हुने काम, आम्दानी हुने कुरा, काम दिनुपर्यो । यी कुराहरूमा चाहिँ सरकारले बजेटमा म अध्यक्ष महोदयमार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु अर्थमन्त्रालयको यी कुराहरू गर्न ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय जयन्ती देवी राई । समय ६ मिनेट । त्यसपछि माननीय कुमार दसौदी ।

(१३:३२ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्यूद्वारा प्रस्तुत नीति कार्यक्रमलाई समग्र रूपमा एकदमै धेरै राम्रो, पूर्ण रूपमा ठिक छ भन्नेभन्दा पनि समग्र रूपमा धेरै कुराहरू समेटेर आएको छ । र यो यसलाई कार्यान्वयन गर्न सकियो भने यसले साँच्चै संविधानले निर्दिष्ट गरेको कुराहरूलाई यसले अवलम्बन गरेको छ । त्यसकारणले म हार्दिक शुभकामना दिन चाहन्छु । यो नीति तथा कार्यक्रमलाई कार्यान्वयन हुने किसिमको चाहिँ बजेट विनियोजन गर्नुपऱ्यो र कार्यान्वयन गर्नतर्फ चाहिँ हामी गम्भीर भएर र इमान्दारिका साथ लाग्नुपर्दछ भन्ने म चाहन्छु ।

र यसलाई म समर्थन गर्न चाहन्छु । यो नीति कार्यक्रमलाई । किन भने यो समृद्ध सवल न्यायपूर्ण नेपालको निर्माण गर्ने सर्वपरी लक्ष्य र संघीय लोकतान्त्रिक गणतन्त्र समाजवाद उन्मुख अर्थतन्त्र समावेशी शासन प्रणाली आजको सरकारको कार्यभार एकदमै प्रष्ट रूपमा आ'को छ । र संविधान, संघीयता प्रभावकारी कार्यान्वयन अर्थतन्त्रको संरचनात्मक सुधार, पूँजीगत खर्चको बृद्धि, पूँजीगत खर्चमा बृद्धि गर्ने, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक खर्चमा मितव्ययीता, गुणस्तरीय पूर्वाधार निर्माण र शासकीय सेवा प्रवाहमा सुधार र रोजगार बृद्धि र समावेशी विकास, सामाजिक विभेदको अन्त्य र स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अबलम्वन गरेको कारणले पनि र मानव सुचाङ्कमा पछि परेकोलाई यो अगाडि बढाउने सन्तुलित विकासको कुरा पनि यसले गऱ्या छ । र तीनै तहको सरकारको कार्यान्वयनमा एकदमै अन्तर सम्बन्धलाई बृद्धि गर्ने र राजस्व प्रशासनलाई पनि थप सुदृढिकरण गर्ने र राष्ट्रिय सहकारी नीति एकदमै अहिलेसम्म नआइरहेको यसलाई प्रभावकारी ढङ्गले सञ्चालन हुन नगइरहेको बेलामा यो राष्ट्रिय सहकारी नीतिलाई पनि परिमार्जन गर्ने र बचत र लगानीलाई एउटा सहकारीलाई चाहिँ उत्पादनमा र सहकारीमा लगाउने भन्ने कुरा झन महत्त्वपूर्ण रहेछ ।

र वर्षौंदेखि नबोलेको नआ'को ऐन शिक्षा ऐन र निजामती कर्मचारी ऐनलाई ल्याउने, तुरुन्त ल्याउने कुरा जुन बोलेको छ । पाँच लाख युवाहरूलाई सबैभन्दा महत्त्वपूर्ण रोजगारीको कुरा ग्यारेन्टी गरेको कुरा । र कृषिलाई आधुनिकरण, बजारीकरण र किसान पेन्सन र बन्द भएको उद्योगहरूलाई यसलाई सञ्चालन गर्ने कुराहरू एकदमै राम्रो कुराहरू छ । तर पनि तीनओटा कुरालाई तीनटालाई मात्रै यसले प्रायोरिटी दे'को छ । तर सबै बन्द भएको उद्योगहरूलाई चाहिँ सञ्चालन गर्ने र बन्द भएकोलाई सञ्चालन मात्रै होइन । थुप्रै विकल्पहरू त्यस्ता किसिमका उद्योग, साना तिना उद्योगहरूको सृजना गर्ने सम्मको पनि कार्यक्रम ल्याउनुपर्दछ ।

र सञ्चालन गरिने योजनाहरू आएको सबैलाई चाहिँ सञ्चालन गर्ने । र पेट्रोलियम पर्दाथ चाहिँ आत्मनिर्भरता बनाउने किसिमको कुराहरू यति हुँदा हुँदै पनि धेरै राम्रा कुराहरू आएको छ । तर पनि यो व्याख्या गरेर आज हैन हामीले सक्दैनौं पनि सबैले हामीले पढेकै छौं । यति हुँदै हुँदै पनि केही यसमा सुझाव दिनपर्ने जरुरी छ । र सुझावमा पनि यो विशेष रूपमा चाहिँ बजेटमा चाहिँ ध्यान दिउँ है अब चाहिँ बजेट छुट्याउने बेलामा चाहिँ यो ढङ्गले आओस् भन्ने कुरा मात्रै म चाहिँ एकदम यसलाई चाहिँ प्रायोरिटी दिन चाहन्छु ।

र विशेष रूपमा स्वास्थ्य, शिक्षा र कृषिलाई महत्त्वका साथ चाहिँ यसलाई प्रायोरिटी बेसको आधारमा नै राखिनुपर्दछ । अब यसरी यो समग्र रूपमै एकै खालको ल्याइयो भने फेरि पनि हाम्रो चाहिँ उद्देश्य मिट गर्न सकिनन् ।

र त्यसरी नै लैङ्गिक समानताको कुरा भएको छ तर पनि नीतिगत रूपमा त अहिलेसम्मको हाम्रो Practice के छ भन्दाखेरि त्यहाँ बजेट हामीले त्यो छुटाउने कुरामा चाहिँ हामी कन्जुसाइ भइरहेको छ । यस्तो नहोस् । र अहिले दिनानुदिन बढिरहेको हिंसा, विभेद, असमान, अपमान, बलात्कार, हत्या हिंसा यी अभियानको रूपमा सञ्चालन हुने खालको चाहिँ बजेट यसले निकै ठुलो बजेट चाहिँ यसले माग गर्दछ । र त्यति मात्रै होइन साथ साथै बालबालिकाको कुरा यहाँ पटक्कै उठेको छैन । र बालबालिकालाई २५ ओटा जिल्लामा चाहिँ पोषण भनेर ५०० भत्ता दिएको छ । तर त्यतिले हुन्न र सबै जिल्लाहरूमा भत्ता पनि बढाउनुपऱ्यो, पऱ्यो । पोषण मात्रै होइन समग्र बालविकासको लागि त्यो कार्यक्रम तय गर्नुपर्दछ भन्ने म चाहन्छु ।

र अर्को किसानहरूलाई अनुदान दिने कुरा र सस्तो त दिनै पर्छ तर पनि त्यसमा मात्रै होइन कि उनीहरूको उत्पादनलाई चाहिँ हामीले ग्यारेन्टी गर्नुपऱ्यो र बजारिकरण गर्न पऱ्यो । जति उत्पादन गऱ्यौं । त्यसलाई हामीले अहिले नास हुन दिइरहेको स्थिति छ । त्यस्तो गर्न

हुँदैन । र कृषि उत्पादनलाई उद्योगसँग जोडेर चाहिँ लानुपर्यो । र यसलाई चाहिँ बजारिकरण गर्नुपर्‍यो र अन्तर्राष्ट्रियकरणसम्म गर्न पर्‍यो । त्यो खालको चाहिँ हामीसँग हुनुपर्‍यो । र यसलाई चाहिँ हामीले चाहिँ अहिले मौलिक प्रविधि उत्पादन जुन सञ्चालन भइरहेको छ । संरक्षण गर्ने र ब्रान्डिङ गर्ने र बजारिकरण गर्नुपर्‍यो । र वनलाई जिविका पार्जन गासेर लानुपर्‍यो । यी बाँकी व्याख्या गर्न चाहन्न ।

र सामाजिक र मानविय विकासमा बढि मात्रमा ध्यान दिने खालको बजेट हुनुपर्‍यो । त्यसले मात्रै वास्तवमा सन्तुलित विकास र दिगो विकासलाई अहिले हामीले त्यसलाई मिट गर्न सक्छौं । र त्यस्तो खालको बजेट ल्याउन पर्यो । र बन्द भएको यो राष्ट्रिय गौरबको आयोजनाहरूको बारेमा त्यति प्रष्ट बोलेको छैन । त्यसलाई चाहिँ हामीले महत्त्वको हिसाबले र त्यसको अवस्थालाई हेरेर कतिपय ठाउँमा थोरै दिंदा पनि अहिले धेरै जनताले लाभान्वित भइरहेको त्यस्तो ठाउँमा बढाउनै पर्छ । तर बढाउने नाममा एकै खालको नीति बनाएर बढाउने कुरा गर्न हुन्न भन्दै यस बेला अब चुनौती पनि धेरै छ । अहिले हाम्रो चुनौतीमा भ्रष्टाचार सबैभन्दा भ्रष्टाचारलाई एउटा प्रभावकारी निर्मुल गर्ने ढङ्गको चाहिँ यो अभियानको रूपमा चाहिँ यो बजेटिङ गर्नुपर्‍यो र यसलाई अनियमिता त्यसपछाडि अहिलेको आर्थिक सङ्कट, राजनीतिक अस्थिरता र अहिलेको अन्तराष्ट्रिय आर्थिक सङ्कट, युक्रेन र रुसको युद्ददेखि लिएर कोभिड, भूकम्पलगायत यावत कुराले गर्दाखेरि आज धेरै क्राइसिस छ र हामीले आर्थिक एउटा रूपमा चाहिँ उठाउने कुरामा केही चुनौती छ । र यो चुनौतीको बाबजुद पनि हाम्रो यो बजेट राम्रो आ'को छ । र यो गर्ने अठोटका साथ ल्याइएको छ । (**<u>सम्माननीय अध्यक्ष</u>**:- नीति कार्यक्रम ।) भन्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद । नमस्कार ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कुमार दसौदी । समय ५ मिनेट । त्यसपछि माननीय दुर्गा गुरुङ ।

**(१३:३९ बजे) <u>माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, म यो नीति कार्यक्रमभन्दा सबभन्दा पहिले यही जेठ ५ गते हाम्रो रोल्पा जिल्ला मेरोल निबासी हरिबुढा मगर जो दुइटा खुट्टा नभएर पनि माउण्ट एभरेष्टको चुचुरो चुम्न सफल हुनुभो' यसको लागि म उहाँलाई धन्यवाद दिन चाहन्छु । र उहाँले मान्छेको अपाङ्ग भए पनि यसरी एभरेष्टको शिखर चुम्ने एउटा अदम्य साहस जुन छ जुन विश्व कृतिमान कायम गर्नुभएको छ, यसको लागि नेपाल सरकारले पनि उच्च सम्मान गरोस् भनेर माग गर्न चाहन्छु ।

अब समाननीय राष्ट्रपतिज्यूले वाचन गर्नुभएको नीति कार्यक्रमको सन्दर्भमा मैलै मलाई खड्केको विषय के हो भने बुँदा नम्बर ३१, ३२, ३३ कृषिसम्बन्धी र त्यसपछि बुँदा नम्बर ४६ मा मैले यो एउटा विषय खोजें । हिजो एकजना माननीयज्यूले पनि उठाउनुभा' थियो । त्यो के भने पदनामको भाषाले हेर्दाखेरि गाँजा तर हाम्रो गाउँघरमा भाङ्गो भनिन्छ । यो असाध्यै, जनताको लागि असाध्यै राम्रो खेती । यो खेती, यो भाङ्गो भन्ने चिज कस्तो छ भने मेरो जिल्लामा सामान्य मकैसँग अलि अलि छर्दाखेरि पनि एउटा मान्छेले ४, ५ मुरी बनाउँछन् । ४, ५ मुरी उसले चैं त्यो गेडाबाट मात्रै, उसले ४, ५ मुरी त्यो भाङ्गोको गेडा बेच्दाखेरि उसले कम्तीमा पनि १२, १५ मुरी चामल ल्याउँछ । तपाईंको प्रतिकेजी ३ सयभन्दामाथि त्यो किसानले पैसा पाउँछ । त्यसको लोक्ता बेच्दाखेरि केही नगरेको काँचो लोक्ता मात्रै छ भने २ सय रुपैयाँ केजी, कातेको छ भने त्यसले चैं ५ सय रुपैयाँ केजी पाउँछ । अर्थात् गोडमेल गर्न नपर्ने, मल हाल्न नपर्ने त्यसको पातबाट औषधि चिजहरू बन्ने यस्तो बहुउपयोगी जुन उत्पादन हामीसँग छ, यसबाट कम्तीमा नि ५, ७ लाख जनताले, किसानले यो उत्पादनबाट सिधैं आजभोलि मकै रोप्नेबेला भएको छ, त्यो मकै आजभोलि नै रोप्यो भने कात्तिक, मंसिरमा सिधैं जनताको घरमा ३, ४ लाख पैसा जान्छ । हामी पैसाको अभाव छ भनिरा' छौं, हामी विदेशमा जे गइरा' छौं भनेर भन्छौं तर हाम्रो गाउँघरमा यो खेती पनि गर्न नपर्ने, जङ्गलमै आफैं उम्रने, फल्ने चिजलाई सरकारले यो नीति कार्यक्रममा ल्याउँछ भन्ने मलाई ठुलो विश्वास थियो । मैले के सुनेको थियो भने स्वास्थ्य मन्त्रालयबाट लागु पदार्थबाहेक अरू उउपयोग गर्न पाउने गरीगन यसलाई चैं नीति कार्यक्रम ल्याउनुपर्छ भनेर सिफारिस गरेको छ भन्ने सुनेर म खुसी पनि भा' थिएँ । तर आज यहाँ किताबभरि खोजें मैले नभेटाएपछि मैले कुरा यो उठाउन बाध्य भए कि यस्तो वहुउपयोग चिज, वस्तु जो किसानको हितकारी छ । मान्छे विदेश जानबाट रोकिन्छ । किसानको घरमा पैसा जान्छ । औषधिमा पनि आउन सक्ने यसका चैं मतलब कोट, जुत्ता चप्पलदेखि गलैंचा र अनेक वस्तुहरू उत्पादन हुन्छ । तर यस्तो चिजलाई सरकारले यहाँ राख्न सकेन । म सबै माननीयज्यूहरूको ध्यान आकर्षण गराउन चाहन्छु र नेपाल सरकारको यसमा गम्भीर ध्यान जाओस् र यसलाई लागु पदार्थमा उपयोग गर्नेबाहेक अरू सबै चिजमा उपयोग गर्न पाउने गरीकन नीति कार्यक्रममा ल्यायोस् । र यसको लागि कानुनी प्रवन्धमा गरोस् भन्ने माग गर्न चाहन्छु ।

अब यसको साथ साथमा अर्को चैं के छ भने एउटा सामान्य यो बुँदा नम्बर ३५ मा प्रत्येक पालिकामा एक एकवटा शीत भण्डारण राख्ने भनेर चैं यहाँ नीति कार्यक्रममा ल्याइएको छ । अहिले बनेका शीतभण्डारहरूलाई त्यसमा वस्तु के राख्ने हो, त्यो शीतभण्डारमा भर्नका

लागि त्यसका उत्पादनहरूको वृद्धि विकास कसरी गरेर त्यसको कुनै अध्ययन छैन । अहिले प्राइभेट रूपमा बनेका, सरकारी रूपमा बनेका त्यतिकै बसेका छन् । कतिपय सरकारले बनाउन खोजेका बजेट छुट्याका, पैसा पाका छैनत् । तर सरकारले एक एकवटा बनाउने भनिरा' छ । कुरा राम्रो होला तर बनेका चिजलाई कम्तीमा उपयोगमा ल्याउने केही कार्यक्रम त हुनुपर्यो नि । ३, ४ वर्ष भो' अहिलेसम्म खाली परेर तिनै खण्डर जस्ता बनेका छन् । त्यसकारणले यस्तो कुरामा सरकारले तत्काल त्यहाँका किसानहरूलाई लोन दिएर हुन्छ, कि subsidue दिएर हुन्छ कि उत्पादन गर्न लगाउने, त्यसलाई शीतभण्डारमा भर्न लगाउने र हामीलाई कतिबेला कुन वस्तुको आवश्यकता पर्छ, बजारमा के कुराको माग हुन्छ, त्यतिबेला त्यो बजारमा पाउने गरेर त्यो सरकारले किन सोच्न सकेन ३, ४ वर्षमा? त्यसकारण यस्तो कुरामा चैं सरकारले पहिले तिनलाई चैं उपयोगमा ल्याइयोस् । त्यसपछि आफ्नो नीति कार्यक्रममा राखेर लग्यो भने सबभन्दा राम्रो हुन्छ भन्ने म सुझाव पनि राख्न चाहन्छु ।

त्यसको साथ साथमा अर्को कुरा चैं के भन्या छ भने ४१ बुँदामा चैं साना किसानलाई tubewell निःशुल्क उपलब्ध गराइने छ भनेर भन्या छ । मैले नबुझ्या कुरा के हो भने हामीले साना किसान भनेर छुट्टै बस्ने व्यवस्था गर्या छौं कि? अथवा मध्यवर्गका मान्छेहरू छुट्टै बस्ने, जमिनदार छुट्टै बस्ने, त्यस्तो चक्लाबन्दी गरेर टयाक्क मिला'का छौं कि? होइन भने हाम्रो गाउँमा त साना किसान पनि बस्छ, त्यो भूमिहीन पनि बस्छ, जमिनदार पनि बस्छ । अनि त्यो साना किसान भनेर tubewell लगेर कहाँतिर tubewell दिन्छौं हामीले? कि त यो कार्यान्वयनमा नलाने गरेर सस्तो लोकप्रियताका निम्ति ल्याइयो कि त यो चैं कुनै मान्छेको अनुहार हेरेर ठुलो दुरुपयोग हुन सक्ने मेरो आफ्नो आँकलन छ । त्यसकारण यस्तो चिजलाई नल्याएर बरु के चैं भन्न सकिन्छ भने ४, ५ बिगा जमिनमा त्यहाँको आवश्यकता पर्छ, त्यहाँको सम्भावित छ भने त्यसलाई फ्रीमा tubewell दिन सकिन्छ भन्ने व्यवस्था मिलाए भइहाल्यो नि । अनि यस्तो कुरा एउटा सस्तोमा होइन कि आवश्यकताको आधारमा जाने कुरा गरौं ताकि त्यो हामीले ल्याएको नीतिले त्यो जनताको विश्वास जागोस् सरकारप्रति । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दुर्गा गुरुङ । समय ५ मिनेट । त्यसपछि माननीय गोमा देवी तिमल्सिना ।

(१३:४६ बजे) **माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्दक्षज्यू, यही जेठ ५ गते प्रतिनिधि सभा र राष्ट्रिय सभा संयुक्त बैठकमा सम्माननीय राष्ट्रपतिज्यूले नेपाल

सरकारतर्फबाट नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको छ । म सम्माननीय राष्ट्रपतिज्यूलाई धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रमभित्र १८८ वटा बुँदा छन् र निकै लामो पनि छ । हाम्रो देशको आवश्यकता र क्षेत्रगत विषयहरूलाई मोटामोटी रूपमा नीति तथा कार्यक्रमले समेटेको छ भन्ने मलाई लाग्छ । यही नीति तथा कार्यक्रम आधारमा बजेटको रूप रेखा तयार हुन्छ । पक्कै पनि नीति तथा कार्यक्रम एकातिर र बजेट अर्कोतिर हुने छैन भन्ने विश्वास पनि व्यक्त गर्दछु । नीति तथा कार्यक्रमले म सहिद परिवार भएकै कारणले बुँदा २१, ७६ मा शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी कार्यक्रम दुई वर्षभित्र सम्पन्न गरिने छ । जनयुद्ध तथा जनआन्दोलन घाइते, बेपत्ता परिवार, अपाङ्गता भएकाहरूलाई जीवन निर्वाह भत्ता वितरण गर्न राखिकोमा सहिद भन्ने शब्द नराखेको देखि यो र शहिद परिवारलाई अपमान गरेको देखियो । सहिदले गरिएको योगदानलाई बिर्सिएको देखियो । सहिद भन्ने शब्द थप गर्न आग्रह पनि गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, २०७२ सालमा महाविनासकारी भूकम्प आयो त्यसको पराकम्पहरू सकिँदै गर्दा फेरि कोरोनाको महामारी आयो र अहिले रुस-युक्रेन युद्धमा छन् । यी सबै घटना क्रमले यो हाम्रो देश र हाम्रो देशको अर्थतन्त्रको स्थिति नराम्रोसँग खस्किएको छ । नीति तथा कार्यक्रम धेरै कुराहरू त आएका छन् तर यसलाई व्यवहारिक रूप दिने कार्ययोजना कार्यक्रममा धारणा भनेको त बजेटले हो, त्यसैले बजेट कसरी आउँछ त्यो हेर्न बाँकी नै छ । अहिले नीति कार्यक्रम हेरेर यति मात्रै भन्न सकिन्छ जस्तो लाग्छ की नीति तथा कार्यक्रममार्फत सरकारले आफू हिँड्ने बाटो देखाएको छ । साथै राष्ट्रलाई यो बाटोमा हिँडाउने भनेर आफ्नो प्रतिबद्धा जाहेर गरेको छ ।

सम्माननीय अध्यक्षज्यू, अहिले हामी नेपाली कसरी आफ्नो खुट्टामा उभिन सक्छौं र त्यसको नीति नेपाल सरकारले के गर्छ भन्ने कुरा नै हाम्रो र आमजनताको चासोको विषय हो । यसै सन्दर्भमा नीति तथा कार्यक्रमले आयात प्रतिस्थापन गरी निर्यात बढाउने र आत्मनिर्भर अर्थतन्त्रको जग हाल्ने कुरा गरेको छ । त्यही कुरा आजसम्मका सबै सरकारहरूले भन्दै आएका छन् तर हामी आफ्नो बलबुतामा चल्ने र टिक्ने हुन सकेका छैनौं कि? यो प्रश्न उत्तर सरकारैपिच्छेका फरक फरक भए कि? यही कारण हाम्रो देशको अर्थिक अवस्थाले सुदृढ हुने मौका पाएन ।

सम्माननीय अध्यक्षज्यू, सरकारको नीति तथा कार्यक्रमले कृषि क्षेत्रको प्रबन्ध गर्ने कुरा फेरि पनि गरेको छ । कृषि क्षेत्रलाई नै सबैभन्दा अगाडि राखेर त्यससम्बन्धी नीति के हुने भन्ने कुरा पनि गरेको मल बिउ बिजन, अनुदान, ऋण, बाँझो जमिन, उपयोग सिँचाइ, बजार

व्यवस्थालगायतका थुप्रै कुराहरू नीति कार्यक्रमले बोलेको छ । किसान पेन्सनको अवधारणालाई पनि निरन्तरता दिएको छ । हामीले हाम्रो देशलाई कृषिप्रधान भनेर भन्न पनि छोडेका छैनौं । कृषि क्षेत्र नै हाम्रो अर्थको मेरुदण्ड हो । त्यसैले कृषि क्षेत्रको प्रबन्ध कृषि प्रणालीको आधुनिकीकरण, कृषि उपदानको ...... किसानको मनोबल उठाउने भनेर हामी निरन्तरता भन्दै नीति कार्यक्रम तर्जुमा गर्दै आइरहेका छौं तर हाम्रो कृषिको अवस्था भने झन् खस्किएको छ । राम्रोसँग सरकारको ध्यान केन्द्रित गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, यो नीति तथा कार्यक्रमको औद्योगिक गर्दै रोजगारी सिर्जना गर्ने कुरा गरेको छ । शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका क्षेत्रहरूमा विशेष जोड दिने कुरा गरेको छ । समाजभित्र भएका असमानता र विभेदको अन्त्य गर्ने कुरा गरेको छ । म सरकारको यो नीति तथा कार्यक्रमको सम्मान गर्दछु । र यहीअनुसार बजेट आउने छ भन्ने आशावादी छु । सम्माननीय अध्यक्षज्यू, नीति तथा कार्यक्रमको सशस्त्र द्वन्द्व पीडितबारेमा दुई वर्षभित्र समाधान गर्ने भनेको छ । कि किन चाँडोभन्दा चाँडो राजनीतिक फास्टबाट हल गरियोस् । हवस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय गोमा देवी तिमल्सिना । समय ६ मिनेट । त्यसपछि माननीय मोहम्मद खालिद ।

(१३:५१ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हामी यहाँ २०८०/०८१ को नीति तथा कार्यक्रमको बारेमा हिजोदेखि छलफल गरिराखेका छौं । यो छलफलकै विषय भ'को हुनाले मैले यहाँ धेरै माननीयज्यूहरूले बुँदा बुँदा शब्द शब्द गरी धेरै कुराहरू भन्नुभ'को छ । ती कुराहरू आवश्यकता भएर नै उठाउनुभो' ती उठेका कुराहरूलाई सम्मान गर्दै यहाँ लेखिएका धेरै कुराहरूले समेटिएको कुराहरू छ । यसलाई सम्मान गर्दै, समर्थन गर्दै म फेरि पनि केही सुझाव केही विगतदेखि उठेर वर्तमानसम्म कुनै पनि काम नभएका कुराहरू सुरुआत नै नभएका कुराहरूलाई म यहाँ उजागर गर्न चाहन्छु । यहाँ औद्योगिक क्षेत्रका बारेमा कुरा उठेको छ । औद्योगिक क्षेत्रमा उद्योगै छैन भन्ने कुरा पनि लागेको थियो । अनि भएका उद्योगहरू रुग्ण छन् । रुग्ण उद्योगहरू चलाउने र बन्द उद्योग खोल्ने कुराहरू गएको साल पनि मैले दर्जनौं उद्योगहरूको नामै लिएर भनेको थिएँ र धेरै अरू माननीयजीहरूले नि त्यसलाई स्पोर्ट गर्नुभएको थियो । अहिले तीनटा उद्योगको नाम यहाँ परेको छ र फेरि पनि एउटा इतिहास बोकेको

विराटनगर जुट मिल जहाँ काँग्रेस र कम्युनिष्ट नेता मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइरालाले पनि त्यहीबाट राजनीति सुरु गर्नुभ'को थियो भन्ने कुराहरू इतिहासमा छ । अब अहिले कम्युनिष्ट र काँग्रेसकै सरकार छ । वहाँहरूले त्यो कुरा नबिर्सिएर त्यसमा थप्दिनुभ'को भए राम्रो हुन्थ्यो र यसलाई म सुझावको रूपमा राख्न चाहन्छु ।

अब यस्तै वीरगञ्ज चिनी मिल त्यसको सम्पत्ति पनि प्रशस्त छ । त्यो मिल चल्दाचल्दै बन्द भयो । त्यसको जग्गाहरू सबै अतिक्रमण भैसकेका छन् । त्यसलाई पनि चलाउने मेसो मिलाएर त्यो अतिक्रमण भ'को जग्गाहरू राज्यको उसमा ल्याओस् र त्यो चलाओस् । साँच्चै नै नेपालमा बनेका चिनी तितो हुने इन्डियाबाट ल्याएको चिनी गुलियो हुने होइन होला । प्राइभेट उद्योगहरू चलेका छन् र यो संस्थागत उद्योगहरू नचल्ने हुँदाखेरि त्यसलाई एकदमै दुःख ला'को छ । यो पनि थप गर्नुपर्छ भन्ने कुराहरू मैले यहाँ सुझावको रूपमा राखें ।

अर्को एउटा बिक्री भैसकेको उद्योग हो भृकुटी कागज कारखाना हिजो पनि एक जना माननीयले उठाउनुभ' थियो । त्यो भृकुटी कागज कारखानाका श्रमिकहरूले अहिले पनि भुक्तानी पा'का छैनन् । त्यो किन्ने व्यक्तिले जग्गा पल्टिङ गरेर बेच्न खोज्दा त्यहाँका जसले जमिन दिएका थिए । उनीहरूले हामी त्यो पहिलाकै भाउमा हामी फिर्ता गर्छुम् । जमिन बेच्न दिँदैनम् भनेर अवरोध खडा भ'को छ । अब के हो त्यहाँको श्रमिकहरूले अहिलेसम्म भुक्तानी नपा'को त्यसको बारेमा राज्य बोल्न पर्यो । राज्यले त्यो कसलाई बेचियो । किन बेचियो । अब नेपालको एउटा मात्र पेपर मिल किन बेचियो? भने यो कुरा चाहिँ राज्यले जवाफ स्पष्टसँग दिनुपर्छ भन्ने कुराहरू म यहाँ मागकै रूपमा यहाँ उठान गरें । अब यहाँ तीनटा उद्योगहरू अब चलाउने प्रयत्न भनेर नै आ'को छ ।

गोरखकाली रबर उद्योग गोर्खा जिल्लामा त्यो एउटा गौरवै थियो । विदेशी दातृ राष्ट्रले ल कमाएर खाऊ भनेर बनाएर दे'को पनि हामी चलाउन सकेनौं त्यहाँको ट्युब टायर अति बलियो । त्यसको नाम बेचेर अहिले अरूले करडौं पैसा कमाएका छन् । हाम्रो त्यो उद्योग बन्द भ'को छ । अब यो उद्योग चल्नुपर्छ भन्ने कुरा यहाँ आ'कोले म चाहिँ यसलाई स्वागत गर्न चाहन्छु तर त्यसै त उद्योग चल्दैन यसका पनि होलान नीति नियमहरू अनि त्यस्तै बुटवल धागो बुटवल धागोमा धागो नै उत्पादन हुन्छ । धागो नै उत्पादन गर्नुहुन्थ्यो । त्यहाँ धेरैभन्दा धेरै महिलाहरूले पनि काम गर्नुहुन्थ्यो । महिला, पुरुष, पढेका, नपढेका सबैले त्यहाँ काम गर्नुहुन्थ्यो । त्यहाँको धागो बाहिर बिक्री हुन्थ्यो र त्यो उद्योग अनायशै बन्द भयो । औद्योगिक क्षेत्रभित्र नपरेको भए । त्यो जमिन बिक्री वितरण हुन्थ्यो होला त्यो बेचबखन गर्न सकिएको छैन र त्यो पनि चल्ने कुरामा म आशावादी छु ।

अब जस्तैः म हेटौँडा कपडा उद्योगको कुरा गरौं हेटौँडा कपडा उद्योग चल्ने कुनै सालको नीति कार्यक्रममा नपरेको होस् । सधैं परेको छ । गत साल पनि पर्यो । म त त्यहाँ कुरा उठाइराखें । त्यो नीति कार्यक्रम आउँदा त एकदमै खुसीमा साँच्चै नै चल्ने भयो भनेर तर चल्ने त योजनै छैन । अहिलेसम्म एउटा पनि उद्योग चलेको छैन । चल्ने कुनै तारतम्य नै छैन । (अलिकति समय मलाई थप दिनुहोला है । मेरो विषय नै हो यो ।) अनि चल्ने तारतम्य नै छैन । यो किन तारतम्य छैन भने यो चलाउने भनेर त्यसरी चल्दैन त्यो ३५/३६ मा त्यो स्थापना भ'को हो । ०५७ साल फागुन १ गतेबाट त्यसलाई १२ सय कामदार कर्मचारीलाई सामूहिक अवकास गरियो । हुँदैन यसरी भन्दाखेरि नोटिस लगाइयो । नोटिस लगाएसी त्यहाँ पुलिस लगाएर हामी भित्र जान पाउने स्थिति कोही पनि भएन त्यसो भ'को हुनाले अहिले त्यहाँ के छ । उद्योग चल्छ भनेर पनि चल्दैन सबै छाना चुहिएको छ । अनि ती मेसिनहरू सबै जीर्ण भ'का छन् । त्यो मेसिनबाट चिनियाँ सरकारले दिएको हो तर चीनमा त्यो त्यसको ऊ नै छैन । पार्टस नै पाइँदैन अहिले त्यसो हुनाले यदि साँच्चै नै त्यो उद्योग सञ्चालन गर्नको लागि नियम, कानुन योजना बनाउने हो भने त्यतिकै चल्दैन त्यसलाई त्यो मोडल नै चेन्ज गरेर । त्यसलाई अर्को तरिकाले चलाउनुपर्छ उद्योग चाहिँ चलाउनुपर्छ । उद्योग चाहिँ चलाउन सकियो भने त्यसको सबै छ । भवन छ । त्यसलाई मर्मत गर्नुपर्छ । सबै छ तर त्यो उद्योग चलाउने हो भने कृषकलाई पनि सँगसँगै जोडेर रबर खेती गर्न लाउनुपर्यो । कपास खेती गर्न लाउनुपर्यो । कृषकहरू काम नपाएर भौतारिका छन् । बाँझा बारीहरूलाई पाखा पखेराहरूलाई त्यहाँ कपास खेती गर्न लाउन पर्यो । अनि रबर खेती गर्न लाउन पर्यो । अनि त्यो भयो भने कृषि मन्त्रालय, उद्योग मन्त्रालय र अर्थ मन्त्रालयको एउटा संयन्त्र बन्यो भने मात्रै यसरी उद्योगहरू सञ्चालन हुन् सक्छ नत्र यो उद्योगहरू उही नाम मात्र सधैं चल्छ चल्छ भन्यो लौ हो हामी चल्छ भन्छौं । अनि बाहिर जाँदाखेरि उद्योग चल्छ रे नि भन्छन् । अब पोहोर उठाएकोमा एउटा ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय मोहम्मद खालिद । समय १० मिनेट । त्यसपछि माननीय विना पोखरेल ।

(१४:०० बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षजी, नीति तथा कार्यक्रम हामीले संयुक्त संसदको बैठकमा सुन्यौं, अध्ययन पनि गरौं । त्यसमा सकारात्मक र नकारात्मक दुइटै किसिमका टीप्पणीहरू सुन्यौं । तर मेरो भनाइ

के छ भने "काँडा वा फूल सकारात्मक वा नकारात्मक" कुरालाई नजरअन्दाज गरी यथार्थलाई अगाडि राख्नुपर्छ ।..... (हिन्दी भाषामा बोलेको) हाम्रो यो गरिमामय संसदमा हामी साथीहरूको जिम्मेवारीसहित यही । यो पनि याद राख्नुपर्छ कि यदि हामी आफै यो ठाउँमा भएको भए हामी के के गर्न सक्थ्यौं । मलाई भारतका प्रसिद्ध कवि कुमार बारा वन कविको एउटा पङ्क्ति सानो पङ्क्ति रहेछ । त्यसको सम्झना भैरहेको छ । .....(हिन्दी भाषामा बोलेको) टीकाटीप्पणीलाई .....(हिन्दी भाषामा बोलेको)

अब म यो नीति तथा कार्यक्रममा आफ्नो केही राय राख्न चाहन्छु । मैले बुझेंअनुसार । नीति तथा कार्यक्रम समग्रमा राम्रो छ । स्वागतयोग्य छ । सराहनीय छ । प्रशंसायोग्य पनि भन्न सकिन्छ र यसका राम्रो कुरा धेरै छन् । त्यसले गर्दा त्यसको वर्णनतिर म लाग्दैन । म एक दुईओटा कुरातिर मात्र सुझाव र ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, यो समावेशी सङ्घीय लोकतान्त्रिक, गणतन्त्रको गणतान्त्रिक देशको बनाउने उद्देश्य नेपाललाई सङ्घीय लोकतान्त्रिक देश बनाउने उद्देश्य यसमा आधारित संविधान ल्याउने उद्देश्यमध्ये महत्त्वपूर्ण कुरो के छ भने यस देशका पछाडि पारिएका, अपहेलित, तिरस्कृत, वहिष्कृत जनतालाई राज्यको मूल धारमा ल्याउने त्यसमा अलिक सन्तुलन कम देखिएको छ । म त्यो भन्न चाहन्छु । अस्ति हाम्रा अग्रज एक जना साथीले भनिसक्नुभएछ । दलित र मुस्लिम समुदायको बारेमा जुन नीति तथा कार्यक्रम तर्जुमा गर्दाखेरि ध्यान दिनुपर्ने कुराहरू आउन सक्थ्यो त्यो आउन सकेन । जब कि संविधानको धारा ४२ (५०) को उपधारा (१) र (२) ५१ को (६) र (७) मा सबै कुरा हामीले अङ्गालिसक्या छौं । तै पनि कहीं न कहीं हामीबाट चुक भएको छ ।

अरू हाम्रो देशभित्र हामी समग्रमा गरिब छौं । यो सर्वविदितै छ तर यो गरिबीमा पनि धेरै ग्याप रहेको छ । तपाईं बागमती प्रदेश र मधेस प्रदेशको यदि तुलना गर्नुहुन्छ भने यो ग्याप तीन गुना बढी छ । तीन गुना बढी छ । हामी सुदूरपश्चिमलाई सबभन्दा गरिब क्षेत्र भन्ने गर्छौं तर मधेसबाट यदि तुलना गर्छौं भने दोब्बरको फरक रहेको छ भन्दाखेरि यदि मधेसी, आदिवासी, जनजाति, दलित, मुस्लिम र पिछडा वर्गको उत्थानको लागि यदि विशेष प्याकेजको हामीले व्यवस्था गरेनौं भने संविधानमा ल्याएका लामो लामो कुरा सराहनीय कुरा राम्रो सपना कहिले पनि साकार हुन सक्दैन । म बुँदागत रूपमा एक दुईओटा कुरातिर अझ ध्यान आकर्षण गराउन चाहन्छु ।

बुँदा नम्बर १२७ मा गुरुकुल, गुम्बा, मदरसाको शिक्षालाई पनि त्यहाँ समावेश गर्नुपर्छ भन्ने मेरो धारणा रहेको छ । बुँदा नम्बर २८ मा शिक्षाको आधुनिकीकरणको कुरा गर्या छ

ठिक छ । त्यसमा पनि गुरुकुल, गुम्बा र मदरसा धार्मिक प्रवृत्तिका शैक्षिक संस्थाहरूलाई समावेश गर्नुपर्छ । त्यसै गरी हामीले हाम्रो सरकारले २०६४/०५/१३ मा मधेसी जनाधिकार फोरमका अध्यक्ष माननीय उपेन्द्र यादवसँग सम्झौता २२ बुँदे सम्झौता गर्या थियो । त्यसका बुँदा नम्बर ९ मा मदरसा बोर्डको स्थापना रहेछ । तर हाम्रै सरकारले जुन सरकार आफूलाई परिवर्तनकारी गरिबको सरकार, पछाडि पारिएको सरकार, निमुखाको सरकार, नबोल्न सक्नेको सरकार अशक्तको सरकार आफूले भन्छ । त्यो सरकारका मन्त्रीले आआफ्नो दम देखाइ मदरसा बोर्डको कल्पनालाई खारेज गर्यो । के यो सुहाउँदो कुरो हो? त्यसलाई समावेशी लोकतन्त्र भनिन्छ? सायद छैन होला । त्यतातिर पनि म ध्यान आकर्षण गराउन चाहन्छु र १२९ बुँदामा मदरसा अधिकार सम्पन्न मदरसा बोर्डको स्थापना होस् भन्ने म यो नीति तथा कार्यक्रममा थप गर्ने जोडदार माग गर्न चाहन्छु ।

त्यसै गरी योजना आयोगको बारे के कुरा आएछ भने । त्यसलाई त्यसको पुनर्संरचना गर्ने कसरी गर्ने कुन हिसाबमा गर्ने यसरी गर्ने कि फेरि मुस्लिम समुदायलाई छोड्दिने । यसरी गर्ने कि फेरि मधेसीलाई छोड्दिने । यसरी गर्ने कि फेरि दलितलाई छोड्दिने । र यिनीहरू एउटा कुनामा बसेर टुहुराजस्तै बसेर यहाँ राज्य सञ्चालनकर्तातिर मालिक र नोकरको दृष्टिले एक अर्कोलाई हेर्ने । यसरी यसरी नै बनाउने हो भने कृपया त्यो नबनाउनुहोला । योजना आयोगको यदि नयाँ तर्जुमा गर्नु छ भने जनसङ्ख्याको आधार, भौगोलिक आधार पनि मान्नुस् तर यो कुरालाई स्पष्ट दिनुस् कि तपाईंकै डाटाअनुसार तपाईंकै मानवसूचकाङ्कअनुसार जुन जातजाति, वर्ग, समुदाय राज्यद्वारा पछाडि परेका छन् वा पारिएका छन् । उनीहरूलाई कसरी अगाडि ल्याउने भन्ने कुरा सजकताका साथ हामीहरूले यदि हेरियो भने यो साकार हुन्छ नत्र यो अपहेलित, तिरस्कृत समुदाय यदि चुप लागेर बस्या छन् । मधेसीहरू मधेसमा यदि चुप लागेर बस्या छन् । यसको अर्थ यो छैन । के उनीहरूले कुरा बुझिरहेको छैन कि अहिले पनि वहाँहरूसँग विभेद भैरहेको छ । म यी कुराहरूप्रति ध्यान आकर्षण गराउँदै आफ्नो कुरा यहीँ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय विना पोखरेल । समय ६ मिनेट । त्यसपछि माननीय सुमित्रा वि.सी. ।

(१४:१० बजे) **माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट अस्ति जेठ ५ गते दुवै

सदनको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भयो । म सम्माननीय राष्ट्रपतिज्यूलाई धन्यवाद ज्ञापन गर्दै यो नीति तथा कार्यक्रमको समर्थन गर्दछु र सङ्क्षेपमा आफ्ना केही धारणा र सुझाव राख्न चाहन्छु ।

अध्यक्ष महोदय, आर्थिक स्थायित्वसहित दिगो फराकिलो र समन्यायिक आर्थिक वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गर्दै अर्थतन्त्रको पुनर्उत्थान गर्ने, सुशासन कायम गर्ने विकास निर्माणका कामलाई तीव्रता दिने सेवा प्रवाहलाई सरल बनाउने सामाजिक न्यायको प्रवर्धन गर्ने तथा राष्ट्रिय हितको संरक्षण र संवर्द्धन गर्ने आफ्नो उद्देश्य सरकारको नीति कार्यक्रममार्फत स्पष्ट पारेको छ । राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वतन्त्रता तथा स्वाधिनता एवम् राष्ट्र हितको संरक्षण गर्दै । समृद्धि, सबल र न्यायपूर्ण नेपालको निर्माण यो सरकारको सर्वपरी लक्ष्य र संघीय लोकतान्त्रिक, गणतन्त्र, समाजवाद उन्मुख अर्थतन्त्र समावेशी शासन प्रणालीलाई संस्थागत गर्नु आफ्नो प्रमुख दायित्व हो भन्ने कुराको स्विकार्यतासहित यो नीति तथा कार्यक्रम आएको छ ।

अध्यक्ष महोदय, योजना निर्माण र कार्यान्वयनको सन्दर्भमा खर्च संरचना र राष्ट्रिय परियोजना बैङ्क विकास योजनासम्बन्धी कानुन, औद्योगिक विकास ऐन, दूर सञ्चार विधेयक, साइबर सुरक्षा कानुन, नवप्रवर्धन तथा आविष्कार कोष विधेयक, राष्ट्रिय अनुसन्धानसम्बन्धी कानुनलगायतका थुप्रै ऐन कानुनहरू बनाउने कुरा नीति तथा कार्यक्रममा आएका छन् । त्यसै गरी नै राष्ट्रिय योजना आयोग पुनः संरचना, उच्चस्तरीय प्रशासन सुधार आयोग, न्याय प्रशासन सुधार आयोग, राष्ट्रिय प्राविधिक तथा व्यवसायिक प्रशिक्षण प्रतिष्ठान राष्ट्रिय संस्कृति नीति, एकीकृत राष्ट्रिय यातायात गुरुयोजना, किसान पेन्सन, अपाङ्ग ग्राम, कमाउँदै पढ्दै, पुराना उद्योग पुनः सञ्चालनलगायतका नीतिगत संरचनागत र कार्यक्रम कुराहरू पनि सरकारले नीति तथा कार्यक्रममा समावेश गरिएका छन् । क्षेत्रगत हिसाबले शिक्षा, स्वास्थ्य, रोजगारीलगायत समग्र विषयमा नीति तथा कार्यक्रमले स्पष्ट पारेको छ ।

अध्यक्ष महोदय, मैले यही सदनमा पहिले पनि बोलेकी थिएँ । सिद्धान्त शुद्ध तर व्यवहार बिटुलो हुन्छ । नीतिका कुरा सरल हुन्छन् तर कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने कुरा जटिल हुन्छ भनेर यो कुरालाई ख्याल नगरी नीति तथा कार्यक्रमको ठाडो विरोध गर्नु पूर्वाग्रह हो भन्ने मलाई लाग्दछ । तथापि एउटा प्रश्न गर्नै पर्ने भएको छ । हामीकहाँ चुक्दै छौं सिद्धान्तमा कि नीतिमा? योजना निर्माणमा कि कार्यान्वयनको पक्षमा? कुरा धेरै गर्ने तर काम अत्यन्तै कम गर्ने हामी नेपालीहरूको परम्पराजस्तो भैसक्यो । त्यसैले यो परम्परा यो प्रवृत्तिबाट माथि उठ्ने कुरा मुख्य हो भन्ने मलाई लाग्दछ । सरकारको यो परम्परा र प्रवृत्तिको सिकार हुनुबाट बच्नुपर्दछ ।

अध्यक्ष महोदय, अहिले हाम्रो अर्थतन्त्र ठुलो सङ्कटमा छ । सरकारको यो नीति तथा कर्यक्रमको स्पिरिट र यहाँ आएका सबै कुरा र जेठ १५ गते आउने आगामी आर्थिक वर्षको बजेटको आकारबिचमा तालमेल हुने कुरा त्यति सहज छैन । जुन कुराले आम जनताको सरकारप्रतिको विश्वसनीयतामा प्रश्न चिह्न खडा गर्ने सम्भावना प्रबल छ । बजेट निर्माण गर्दा सरकारको ध्यान गम्भीर रूपमा नै यो विषयमा जाने छ भन्ने कुरा म आशावादी छु ।

अध्यक्ष महोदय, नीति तथा कार्यक्रममा शान्ति प्रक्रियाका काम फेरि दुई वर्षभित्र पूरा गर्ने भनियो । यस्ता दुई वर्ष कति बितिसके । हामीले विस्तृत शान्ति सम्झौता गरेर साझा मूल धार बनाइ अगाडि बढेको १८ वर्ष हुन लाग्यो । यो विषयलाई थाती राखेर खेल्ने र बार्गेनिङ गरिरहने शक्ति पनि छुँदै छ । राजनीतिक निर्णय गरी फास्ट ट्र्याकबाट यो विषय टुङ्ग्याउन किन सकिँदैन म सबैको ध्यान आकर्षण गर्न चाहन्छु । अन्त्यमा शान्ति, स्थिरता, सुशासन र समृद्धि हामी सबैको साझा लक्ष्य साझा सङ्कल्प र साझा प्रतिबद्धता हो । संविधान प्रदत्त, मौलिक हकको प्रत्याभूति र सामाजिक न्याय सहित समाजवादतर्फको उन्मुख हामी सबैको अपेक्षा र दायित्व पनि हो । यिनै कुराहरूलाई मध्यजनर गर्दै आगामी आर्थिक वर्षको बजेट आउन सकोस् र नीति तथा कार्यक्रममा आएका सबै कुराहरूले मुर्त रूप लिउन् । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सुमित्रा वि.सी. । समय ६ मिनेट । त्यसपछि माननीय बामदेव गौतम ।

(१४:१६ बजे) **<u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म यो २०८०/८१ को नीति तथा कार्यक्रममा केही आफ्ना भनाइहरू राख्न चाहन्छु । ७० पेजको १८८ बुँदामा आएको यो नीति कार्यक्रम यहाँ धेरै माननीयज्यूहरूले प्रशंसा पनि गरिरहनुभएको छ । तर म पल्टाएर हेर्दाखेरि यसको प्राथमिकता के हो? र यो नीति कार्यक्रमको धारणा के हो? वर्तमान परिस्थिति असामान्य छ । तर यो नीति कार्यक्रम परिस्थिति सामान्य छ जस्तो गरेर आइरहेको छ । र यहाँ यो नीती कार्यक्रममा त थुप्रै कुराहरू छन् । बुँदा बाई जान हामीलाई समय छैन । तर यहाँ भनिएको रहेछ निर्वाचनको सन्दर्भलाई लिएर निर्वाचन शान्तिपूर्ण ढङ्गले सम्पन्न भयो । मलाई लाग्छ ती बझाङका विद्यार्थी नेता ती कुनै, कसैका छोरा कलकलाउँदो उमेरमा यही चुनावी सन्दर्भमा ज्यान गुमाउन परेको र ती बाउ, आमा रोइरहेको कुरो कसैले बिर्सेको छैन होला ।

र यो शान्तिसुरक्षाको कुरा गरिरहँदा मलाई अलिकति अर्को कुरा पनि थप्न मन लाग्यो । एउटा प्रतिपक्ष दलको नेता पूर्वप्रधानमन्त्री नेकपा एमालेका श्रद्धेय नेतामाथि दिनदहाडै पछाडिबाट ढुङ्गा हानिन्छ । मलाई यस मामलामा अलिकति भन्न मन लाग्यो यो शान्तिसुरक्षा आजसम्म यो सरकार केही बोलेको छैन । कसैलाई समाएजस्तो गरेर फेरी छोडिदिन्छ । र हामीले हाम्रा हजुरबुवाका छेउमा बसेर महाभारत पनि पढ्ने गर्थौं ।त्यो महाभारतमा लेखेको हुन्थ्यो यदि युद्ध गर्न छ भने युद्धको मिति घोषणा गरिन्छ र आह्वान गरिन्छ । अगाडिबाट आएर युद्ध गरिन्छ र पछाडिबाट गर्ने त्यस्ता ढुङ्गा हान्ने भनेको कायरहरूले गर्छन्, भन्ने मलाई लाग्छ ।

र यहाँ थुप्रै कुराहरू आका छन् । तर यो नीति कार्यक्रममा राष्ट्रियताका सवालमा कहाँनेर के कुरा प्रष्ट छ? लिम्पियाधुरा, लिपुलेख र कालापानीका बारेमा यो नीति कार्यक्रम किन मौन छ? र यो सरकारको प्राथमिकतामा नपर्ने विषय हो कि क्या हो जस्तो मलाई लाग्यो । र यहाँ विकास निर्माण गर्दै जाँदा खरका छानाहरूलाई विस्थापित गरेर जस्ता पातालाई प्राथमिकता दिएको रहेछ । यदि साँच्चकै जनताको पक्षको सरकार हो र नेपालको विकास गर्छ भने हाम्रो देश वर्तमान ढुङ्गाखानीहरू छन् । हिजोका दिनहरूमा हामीले ढुङ्गाले छाएका घरहरूमा बस्ने गर्थ्यौं र नेपालीहरूले काम पनि पाउँछन् र ती ढुङ्गाले छाएका घरहरू स्वस्थ्यकर पनि हुने र आगलागीबाट पनि बच्ने भएको कारणले यो यतातिर यसलाई नीति कार्यक्रममा राखोस् भन्ने म भन्न चाहन्छु ।

र स्वास्थ्यका सवालमा हामी हस्पिटल खोल्ने कुराहरू गरिरहेका छौं र भएका मेडिकल कलेजहरू, विद्यालयहरू अलपत्र परिरहेको हामीले हेरिरहेका छौं । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जहाँ काम भइरहेको छ, उपचार पनि हुन्छ त्यहाँ, स्वास्थ्यकर्मीहरू पनि उत्पादन गरिन्छ । सबै खाले मेडिकल विषयमा पढाइ हुन्छ तर त्यहाँ भौतिक संरचना छैन । र पहिला दिएको बजेटको पनि कटौती भ'को छ । र अहिले यो नीति कार्यक्रममा मैले अलि हेरें । सायद नभेट्या हो कि । यसको बारेमा पनि कुनै त्यसको देखिनँ । सायद आउला बजेट । बजेटको बेलामा त्यहाँको लागि राम्रै बजेट छुट्याइयोस् भनेर यो कर्णाली प्रदेशका माननीयहरूको संयुक्त हामीले एउटा निवेदन पनि हालेका थियौं ।

र अध्यक्ष महोदयसँग मैले अलिकति अनुरोध गरें हामी स्वास्थ्यको उपचार गर्ने कुरो त छँदै छ । र स्वास्थ्य रोग लाग्नै नदिनका निम्ति अहिले बालिकाहरूलाई पाठेघरको मुखको क्यान्सरको विरुद्धको भ्याक्सिन निःशुल्क रूपले हामीले देशभरि उपलब्ध गराउने नीतिलाई ल्यायौं भने मलाई लाग्छ धेरै बालिकाहरूलगायत महिलाहरूले राहत पाउँछन् । र हामीले हिजोका दिनहरूमा पनि प्रत्येक स्कुलहरूमा स्वास्थ्यकर्मी, स्टाफ नर्सहरूको दरबन्दीका बारेमा हामी कुरा

गरिरहेका थियौं । यसको लागि पनि सरकारले सरकारको नीतिमा आओस् भन्ने म चाहन्छु । र यो स्वास्थ्यसम्बन्धीका विषयहरूमा क्यान्सर र मुटु रोगको लागि त प्रदेशहरूमा हस्पिटल बनाउने नीतिमा आको छ । मलाई लाग्छ मिर्गौला रोगीहरूको लागि पनि डायलसिस् गर्न काठमाडौंसम्म आउन नसक्ने भएको कारणले यसको लागि पनि सोचियोस् । जिल्लाहरूमा डायलसिस् गर्ने व्यवस्थाको चाँजो मिलाउनका निम्ति यो नीतिमा आओस् ।

र यो आएको छ धेरै कुराहरू, हिजो यहाँ केही माननीयज्यूहरूले चस्मा पैंचो दिँदै हुनुन्थ्यो । मलाई लाग्छ साउनको महिनामा के जाती भ'को के जातीले सधैं हरियो देख्छ रे । यसो भएर यहाँहरूलाई पनि यो हरियो आयो होला । हुनत हाम्रो यो आफ्ना कुरा राख्न थलो हो । कतै दोहोरी गर्ने थलो होइन । ...... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय बामदेव गौतम । समय १० मिनेट । त्यसपछि माननीय हरि राम चौधरी ।

(१४:२३ बजे) **<u>माननीय श्री बामदेव गौतम (मनोनीत)</u>**ः- सम्माननीय अध्यक्षज्यू, चालु आर्थिक वर्षको नीति कार्यक्रमको छलफलमा आफ्ना विचारहरू राख्नका निम्ति म यहाँ उपस्थित भ'को छु । मैलेले यो १० मिनेट पाउँदाखेरि यति खुसी हुन्छु । तर पाँच मिनेट भन्ने थाहा पाएको थिएँ । त्यसपछि मलाई थाहा नपाइन १० मिनेट भएछ । र पाँच मिनेटमा न त मैले आफ्ना विचारहरूको मैले हेउटुप्पो नै राख्न पाउँछु । न आफु सन्तुष्ट हुन्छु । त्यसो भएर मैले आज पाँच मिनेटमा पुग्ने गरी लेखेरै ल्याएको थिएँ । अब यव १० मिनेट भए पनि बढि चाहिँ म जाँदैन । सकेसम्म पाँच मिनेट मै म पूरा गर्छु । किन भने एक पटक हाम्रो बिचमा छलफल हुँदाखेरि मनोनीतहरूला जम्मा ५ मिनेटै छ । तीन जना मनोनीतहरूको कुल समय १५ मिनेट हो ।

सरकारले प्रस्तुत गरेको २०८०/८१ को नीति तथा कार्यक्रम अधिकांश, औचित्यपूर्ण देश विकासका निम्ति सामयिक रहेका छन् । प्रतिनिधि सभाको निर्वाचन पछि बन्ने पहिलो सरकारले पाँच वर्षमा समेत मार्गदर्शन गर्ने गरी बजेट, नीति कार्यक्रम ल्याउँछ । नेपालको मात्रै हैन । सारा संसारभरि । एक वर्ष ठोस कार्यक्रम हुन्छ । तर यो जान सक्छ पाँच वर्षसम्म । त्यसो भएर यो पहिलो वर्षमा यस्ता यस्ता चाहिँ समस्याहरू जो लागु नै हुन सक्दैनन् भनेर भनियो । त्यो भन्ने विषय हो । आरोप लगाउने मात्रै आरोप हो । वास्तवमा पाँच वर्षसम्म मैले यस

बिचमा धेरै अध्ययन गरें । कि यो किन यो धेरै कार्यक्रमहरू र नीति आधा जति छन् । ठोस कार्यक्रम आधा जति छन् । नीति कार्यक्रममा किन यस्तो भयो भनेर भन्दा यो सरकारले आफुलाई दुई बर्षमै सकिने हो भनेर भन्ठान्नुहुन्न ।

संविधानबमोजिमको सरकार हो । प्रतिनिधि सभाको अवधि पाँच वर्ष छ । त्यो पाँच वर्षसम्म नै जान पाउने अधिकार छ । त्यसो भएर यसले त्यहाँसम्म जान सक्ने गरी नीतिगत निर्देशन यसले गरेको छ । र त्यहाँसम्म जान पर्छ । यो पाँच वर्षभित्रमा एक वर्षमा कसरी लागु हुन सक्छ भनेर भन्ने ठाउँ अन्त्य हुन्छ । पाँच वर्षभित्र ती सबै सम्पन्न हुन्छन् । त्यसो भएको हुनाले यसलाई यसरी नै बुझ्नुपर्छ भन्ने मलाई लाग्छ । यो संयुक्त सरकार । एउटा मात्र सरकार हुदाँखेरि मात्रै हो कि पाँच वर्षमा भन्ने पनि होइन । संयुक्त सरकारले पनि त्यसै गर्न सक्छ । र त्यो पाँच वर्ष मार्गदर्शन गर्ने गरी आएको यो नीति कार्यक्रम मैले राम्रो ठानेको छु । प्रतिनिधि सभाको अवधि हाम्रो संविधानबमोजिम पाँच वर्षको रहेको अवस्थामा जुन सुकै सरकारले पाँचै वर्ष मार्ग दर्शन हुने गरी वार्षिक कार्यक्रम अगाडि सार्नु स्वभाविक हुन्छ । अहिले प्रस्तुत भएको नीति तथा कार्यक्रममा एक वर्षभित्र सम्पन्न हुने र पाँचै वर्षसम्म लैजान सकिने नीति र योजनासहितका कार्यक्रमहरू अगाडि सारिएका छन् । मैले फेरि दोहोऱ्याएर यो यो भनेर समय बर्बाद गर्न चाहन्न । सबैले हेर्नुभ'को छ । जान्नुभ'को छ । त्यसो भएर मैले यति भन्न चाहन्छु । दृष्टिकोण । कि सबै त्यसमा छन् ।

अहिले प्रस्तुत भएको नीति तथा कार्यक्रम एक वर्षभित्र सम्पन्न हुने र पाँचै वर्षसम्म लैजान सकिने नीति तथा कार्यक्रम ८ योजनाहरू अगाडि सारिएका छन् । यस्तो अवस्थालाई आश्चार्य मान्नुपर्ने कारण छैन । संवैधानिक रूपमा नीति कार्यक्रम प्रस्तुत गर्ने अधिकार तत्कालीन सरकारलाई पनि हुन्छ । नीति कार्यक्रमसँग सहमत हुन नसक्ने राजनीतिक पार्टीहरूले प्रस्तुत नीति कार्यक्रम समर्थन गर्ने र विरोध गर्ने अधिकार राख्दछन् । तर संविधानसम्वत् प्रस्तुत गरेको नीति कार्यक्रमलाई खारेज गर्ने र अर्को नीति कार्यक्रम लेऊ भनेर माग गर्नु संविधानसम्वत् छैन । र संविधान लेखनमा भूमिका खेलेका र अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गरेका नेताहरूले भने यस्तो प्रस्ताव राख्दाखेरि मलाई त्यति जचेन । मैले कतिपय विषयमा असहमति राख्छु । तर अहिले ती असहमति यिनी यिनी छन् भनेर जरुरी छैन । त्यसो भएर यो नीति कार्यक्रम समर्थन गर्न योग्य छ । त्यसो भएर मैले यसलाई समर्थन गर्छु ।

अब सप्पै विषय अगाडि सारिएको छ । तर अहिले भर्खरै प्राथमिकता दिन पर्ने विषय एउटा छुटेको छ । त्यसो भएर मैले साना साना विषयमा म जान चाहन्न । मुल विषयमा जान चाहन्छु । कुन क्षेत्रबाट हामीले समृद्धि प्राप्त गर्न सक्छौं? वेरोजगारी समाप्त गर्न सक्छौं? शिक्षा,

स्वास्थ्य माथिल्लो अवस्थामा पुऱ्याउन सक्छौं? र रोजगारी सृजना गर्न, औद्योगीकरण गर्न सक्छौं?, व्यावसायिकरण गर्न सक्छौं? सिङ्गो समाजलाई व्यावसायिकरण गरेर अगाडि बढाउन सक्छौं? त्यो क्षेत्र कुन हो? त्यो क्षेत्र कृषि हो । कृषि उत्पादनको क्षेत्र नै यस्तो क्षेत्र हो । जहाँ आज पनि सबभन्दा धेरै जनता बसोबास गर्छन् । र त्यो क्षेत्र हो जहाँ आधारभूत तहका जनता त्यसमा आवद्ध छन् । त्यसो भएर त्यो कृषि क्षेत्रको व्यावसायिकरण गर्ने र त्यो कृषि क्षेत्रको उत्पादनको औद्योगिकरण गर्ने विषयले सम्पूर्ण क्षेत्र अगाडि बढ्ने छन् । शिक्षा, स्वास्थ्य अगाडि बढ्ने छ । र सांस्कृतिक क्षेत्र अगाडि बढ्ने छ । वेरोगजारी समाप्त हुन्छ । त्यसो भएर यो विषयमा मैले आफुलाई केन्द्रित गरेको छु र जोड पनि दिन चाहन्छु ।

आज र आजभन्दा अगाडिका कुनै पनि सरकारले कृषि उत्पादन क्षेत्रको आमुल परिवर्तन गरी अगाडि सारिने व्यावसायिकरणबाट नेपालको सम्पूर्ण विकासको सम्भावनालाई स्वीकार्न सकेको देखिएन । कसैले पनि गरेनन् यी काम । आज पनि छैन । कृषि क्षेत्रको अरू अनेकौं विषयहरू छन् । तर कृषि उत्पादनलाई व्यावसायिकरण गर्ने र त्यसालई उद्योगको रूपमा विकास गर्ने, औद्योगिकरण गर्ने विषय छैन । जो आजको आवश्यकता हो । जबसम्म यो सम्भावनालाई स्वीकार्न सकिने छैन । तबसम्म नेपालको विकास सम्भव छैन । त्यसो भएर हामी यतातिर ध्यान केन्द्रित गर्नै पर्छ । संसारका सबै राज्यहरूको विकासको मुल आधार नेपालकै जस्तो नहुन सक्छ । तर नेपालको निम्ति यो अनिवार्य छ । यदि यसो गर्न सकिएन भने हामी अगाडि बढ्न सक्दैनौं । नेपालको इतिहासमा पञ्चवर्षिय योजनासहितको अवधारणा भएको नीति कार्यक्रम सबभन्दा पहिले २०१५ सालमा तत्कालीन प्रधानमन्त्री विपि कोइरालाले प्रस्तुत गर्नुभएको थियो । त्यो सरकारलाई अपदस्त गर्दै निरङ्कुश शासन गरेका राजा महेन्द्रले विकासको यो अवधारणालाई एक अर्थमा स्वीकारेको देखिन्छ । तर त्यो निरङ्कुश र अत्याचारी शासन भएको हुनाले जनताको समर्थन रहेन त्यसमा । त्यस्तो हुनु स्वाभाविक थियो ।

कृषि अर्थतन्त्रलाई राष्ट्रको विकासमा महत्त्वपूर्ण पक्ष मानेको कालदेखि आजसम्म मानिँदै आएको छ । तर कृषि उत्पादनको आमुल परिवर्तन गर्ने आवश्यकता त्यसबेलादेखि आजसम्म पनि गर्न सकिएको छैन । २१ औं शताब्दी सुरु भयो । हामी कृष् उत्पादनको क्षेत्रमा प्रवेश गरेको आजभन्दा तीन हजार वर्ष पहिला हो । हामी त्यसलाई विकास गरेर त्यसलाई आधार बनाएर अगाडि बढ्दा सबै समस्या समाधान हुन्छन् । विदशेमा गएका ती साठ्ठी लाख युवायुवतीहरू नेपाल फर्केर काम गर्ने छ । घरमा बसेर काम गर्ने छन् । देश अरू अरू क्षेत्रमा पनि औद्योगिकरण गरेर अगाडि बढ्न सक्ने छ । तर हामी त्यही अवस्थामा छौं । आज पनि कृषि उत्पादनको एउटा महत्त्वपूर्ण क्षेत्र अहिले व्यावसायिकरणमा हैन । आत्मनिर्भरताको तर्फ

छ । (उताँ पहेलो बत्ती बल्यो । यताँ हैरान भइहाल्यो ।) कृषि अर्थतन्त्रबाट ठुलो हिस्सा निर्वाहमुखी उत्पादनमा आधारित छ । यसलाई व्यावसायिकरण गर्न मात्र सोँचियो भने उत्पादनको सम्पूर्ण क्षेत्र औद्योगिकरण हुने छ । र औद्योगिक क्षेत्रको अर्थतन्त्र प्रमुख स्थानमा पुगिनेछ ।

नेपाल अहिले तीन तहको संघीय संरचनामा गएको छ । यस्तो अवस्थामा कृषि क्षेत्र उत्पादनको व्यावसायिकरण र औद्योगिकरणको सम्पूर्ण जिम्मा त्यही स्थानीय तहलाई विना हिच्किचाहट प्रदान गर्न आवश्यक छ । त्यसो भए त्यसले गर्छ । माथि केन्द्रबाट यहाँ काठमाडौंमा बसेर आँखाले पनि हेर्न सकिँदैन त्यहाँ । त्यसलाई अधिकार दिऊ । सम्पूर्ण अधिकार दिऊँ । र हामीले स्थानीय तहलाई पनि संघीयतामा प्रवेश गराएको औचित्य सावित हुन्छ । त्यसका निम्ति कृषि उत्पादनको क्षेत्रलाई चक्लाबन्दी गर्ने । विकसित विउ विजन र मल प्रयोग गर्ने साथै यो मल प्रयोग गर्ने भन्दाखेरि ती युरिया गेडामा हैन हामी जाने लिक्विडमा जानुपर्छ । युरियामा दर्शने ढुङ्गा जस्तो ढुङ्गा पिसेर त्यो ढुङ्गा मिसाएको हुन्छ । जब त्यो दाना दाना बन्छ । हो त्यही दर्शने ढुङ्गा मिसाएको चिजले हाम्रो कृषि भूमिलाई अनुउत्पादक बनाइदिरा'छ । त्यस भर लिक्विड ल्याउनुहोस् । र त्यसमा पनी मिसाएर छर्नुहोस् । त्यो एउटा समस्या सदाको लागि हल हुन्छ । जहिलेसम्म यसो गर्न सकिने छैन तबसम्म मेरो विचारमा नेपाल पछाडी परिरहने छ ।

साथै ७५३, म एउटा योजना पेस गर्छु । ७५३ पालिकाहरूमा कृषि उत्पादनको क्षेत्रमा एकैपटक व्यावसायिकरण र औद्योगिकरण गर्न आर्थिक अवस्थाका कारण सम्भव छैन । तर कृषि उत्पादनको क्षेत्रलाई पाँच भागमा बाढेर एक वर्षमा, एक अवधिमा पाँच वर्ष हुन्छन् । र त्यसलाई पाँच भागमा बाढौं । र हरेक वर्ष १५१ पालिकामा त्यो लागु गर्दै ७५३ पालिकामा पाँच वर्षमा सम्पन्न गरौं । यसको निम्ति सरकारले प्रतिवर्ष रु.चार खर्ब लगानी गर्न पर्छ । त्यो अहिले निजी क्षेत्र बैङ्कहरूसँग वाणिज्य बैङ्कहरू सित झन्डै ५४ देखि ६० खर्ब रुपैयाँ छ । त्यो २ पर्सेन्ट ब्याजमा जनतालाई दिने गरी सरकारले जवानी गरोस् । र उनीहरू लगानी गर्न तयार छन् । मैले धेरै बैङ्करहरू सित कुरा गरेको छु । सरकारले जिम्मा दिएर २ पर्सेन्ट ब्याजमा हामी लगानी गर्न पाउने हो भने हामी सम्पूर्ण काम गर्छौं त्यो क्षेत्रमा जहाँ कृषि क्षेत्र मात्रै होइन । त्यहाँ उद्योगधन्दा आदि, इत्यादि के के विकास हो त्यसमा पनि हामी लगानी गर्छौं । हामीसाग पैसा छ । हो त्यसरी चाहिँ जाने हो भने पाँच वर्षमा २० खर्ब रुपैयाँ लगानी हुन्छ । र हाम्रो देश १० वर्षमा त समृद्ध समाज निर्माण गरेर विकसित देशको दाजोंमा पुग्न सक्ने छ । यस्तो हुन सक्यो भने पहिलो वर्ष नै यो सबै नेपाली जनतालाई पऱ्याप्त पुग्नुको साथै नेपालको

..... (दुई मिनेट) (**सम्माननीय अध्यक्ष**:- दुई मिनेट, दुई मिनेट बढि दिइसके मैले फेरि अलि यहाँ भेदभाव जस्तो हुन्छ कि?) धन्यवाद । धेरै धेरै धन्यवाद ।

नेपाली जनतालाई पर्याप्त पुग्नुको साथै नेपालको जनसङ्ख्याको दुई गुणा बढि उत्पादन गर्न र त्यो निर्यात गर्न सकिने छ । त्यस बेला उत्पादनका सबै क्षेत्रहरू औद्योगिकरण हुने छन् । र यसको प्रभावमा मानिसको जीवन पद्दति शिक्षा, स्वास्थ्य, सांस्कृतिक क्षेत्रमा अहिले परिकल्पना गर्न नसकिने उपलब्धि हासिल हुने छ । हरेक पालिका केन्द्र व्यवस्थित र सम्पन्न बजारिकरण हुने छन् । पर्यटन क्षेत्र व्यापक रूपमा फैलिएर जाने छ । नेपाल आगामी १० वर्षभित्र विकसित देशको दाजोमा पुग्ने छ ।

केही दिन पहिले मात्रै मैले यो अवधारणा पत्र लेखेर सम्माननीय प्रधानमन्त्रीलाई दिएको छु र मैले उहाँलाई यस अनुरूप तपाइले परिमार्जन गर्न सक्नुहुन्छ भने गर्नुहोस् भनेर भनेको छु । अब त्यो त गर्न सकिने, सुन्ने मात्रै हो । तर अर्को वर्ष त्यो लागु होला भन्ने मैले आसा गरेको छु । अब यससम्बन्धमा मैले संशोधनै गर्ने दुई तीनओटा विषयमा संशोधन प्रस्तुत गर्ने विचार गरेको थिएँ तर समय भित्र दर्ता हुन सकेन । मेरो संशोधन स्वीकृत भएन । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय हरि राम चौधरी । समय ६ मिनेट । त्यसपछि माननीय भगवती न्यौपाने ।

(१४:३७ बजे) **माननीय श्री हरि राम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, ०८०/०८१ को नीति तथा कार्यक्रमको यस छलफल कार्यक्रममा मैले आफ्नो विचार राख्न गैरहेको छु । विशेषतः अहिलेको यो ०८०/०८१ को नीति तथा कार्यक्रममा जो विषयवस्तुहरू प्रस्तुत भएका छन् । शिक्षा, स्वास्थ्य, कृषि, वन, पर्यटन, ऊर्जा, जलस्रोत, श्रम रोजगारदेखि लिएर भूमि व्यवस्थापन युवा । यसै गरी मुक्त, कमैया, दलित, आदिवासी जनजातिहरूको सन्दर्भमा जसरी अहिले नीति तथा कार्यक्रममा जुन प्रस्तुत भएका छन् । जो विषयवस्तुहरू प्रस्तुत भएका छन् । यी असाध्यै महत्त्वपूर्ण पनि छन् र अहिलेको सरकारले जुन यो प्रस्तुत गरेर जसरी यस क्षेत्रमा महत्त्वपूर्ण काम गर्नको लागि जसरी अगाडि बढ्ने जो प्रयास गरिरहेको छ । यो असाध्यै महत्त्वपूर्ण छ र यसलाई विशेषतः कार्यान्वयनको पाटोमा सरकारले विशेष ध्यान दिनुपर्छ । किनकि यी कुराहरू पटक पटकका बजेट भाषणहरूमा अथवा आउने नीति कार्यक्रमहरू यी प्रस्तुत भएका छन् तर कार्यान्वयनको पाटोमा निकै नै फितलो भएको छ । त्यसकारणले गर्दाखेरि कार्यान्वयनको पाटो र आगामी बजेटमा

मन्त्रालय विशेषमा आउने बजेटहरूमा मन्त्रालयहरूले कसरी प्राथमिकतामा राखेका छन् । यसले यसको यो नीतिको वास्तविकता त्यहाँ निर्धारण गर्छौं जस्तो मलाई लाग्छ ।

यसै गरी अहिले नीति कार्यक्रममा सरकारले दुइटा विषय असाध्यै महत्त्वपूर्ण तरिकाले अगाडि बढाएको देखिन्छ । अथवा मन्त्रिपरिषद्को पहिलो बैठक र अहिलेको नीति कार्यक्रममा भ्रष्टाचारको बारेमा असाध्यै महत्त्वपूर्ण निर्णय गरेर अगाडि बढेको थियो । विशेषतः भ्रष्टाचारविरुद्धको अभियान र सुशासनसम्बन्धी यी दुइटा असाध्यै महत्त्वपूर्ण । सरकारका असाध्यै महत्त्वपूर्ण कार्यभित्र पर्छन् र यो प्रवृत्ति नेपालको राजनीति र समग्र नेपाल भित्र नेपालमा स्थानीय तहदेखि लिएर सङ्घका हरेक निकायहरूमा एकदम व्याप्त रूपमा यिनीहरू मौलाएका छन् । जो यसबाट नेपाली नागरिक र समग्र नेपाली जनताहरू यसबाट निकै नै भ्रमित र असाध्यै चाहिँ यसबाट वितृष्णा पैदा आम नागरिकहरूमा भएको छ । त्यसकारणले गर्दाखेरि राज्यले यी दुइटा एजेन्डालाई लिएर जो अगाडि बढ्न खोजेको छ । यो असाध्यै महत्त्वपूर्ण छ । भ्रष्टाचारको मुद्दालाई अध्ययनात्मक ढङ्गले राज्यले अगाडि बढाउनुपर्छ र अहिले जसरी चाहिँ जसरी अहिले अगाडि बढेको छ । यसभन्दा ठुला ठुला मुद्दा अझ बाँकी छन् । त्यसलाई अहिले अहिलेको सरकारले विशेष प्रायोरिटीमा राखेर अगाडि बढ्नुपर्छ । त्यसै गरी सुशासनका कुराहरू सुशासनको कुरा अहिलेको समग्र इकोनोमिक क्राइसेसदेखि लिएर यी समग्र परिवेशसँग जोडिएका छन् । सुशासनका कुराहरू र सुशासन व्यवस्थित गराउनका लागि प्रहरी प्रशासनदेखि लिएर कर्मचारीहरूको असाध्यै महत्त्वपूर्ण यसमा जिम्मेवारी रहन्छ । यसको साथसाथै सुशासनलाई व्यवस्थित गर्नको लागि स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारको आपसी परामर्शको पनि आवश्यकता पर्छ यो चिजमा पनि निकै कमी छ । हामीसँग जो बजेटहरू छन् । अथवा हामीसँग थुप्रै कार्यक्रमहरू छन् । यी कार्यक्रमहरू आपसी समन्वयका अभावका कारणले गर्दाखेरि जनताहरू कुनै न कुनै तरिकाले भ्रमित भैरहेको अवस्था छ । त्यसकारणले गर्दाखेरि सुशासनलाई व्यवस्थित गर्नको लागि राज्यले विशेष ध्यान दिएर चाहिँ सुशासनलाई व्यवस्थित गर्नको लागि आपसी सहकार्यको आवश्यकता देखिन्छ ।

यसै गरी मैले विशेषतः अहिले हाम्रो देशको सबभन्दा बढी आय स्रोत अथवा इन्कम अथवा जे भनौं । अथवा हाम्रो राज्यको सबभन्दा ठुलो बजेटको बजेटलाई विशेष गरेर वैदेशिक रोजगारीमा गएका युवाहरूबाट आउने रेमिट्यान्सले हामीलाई दिने गरेको छ । सबभन्दा बढी आज आजको मितिमा ५० औं लाख मान्छेहरू नेपालभन्दा बाहिर कुनै न कुनै ढङ्गले उनीहरूले काम गरिरहेका छन् तर ५० औं लाख मान्छेहरू विदेश पठाउन सक्ने राज्यले समयमा राहदानी दिन सक्दैन । समय राष्ट्रिय परिचयपत्र दिन सक्दैन । समयमा सवारीचालकको लाइसेन्स दिन

सक्दैन । नो अब्जेक्सन लेटरहरू समयमा ती युवा ती नागरिकहरूलाई दिन सक्दैन भनेपछि हामी यति धेरै नागरिकहरूले जो यो देशलाई सञ्चालन गर्नको लागि विदेशका हरेक कुना काप्चामा उनीहरू जसरी भौतारिरहेका छन् । उनीहरू अहिले पनि उहाँहरूलाई हामीले सजिलो तरिकाले यी चिजहरू उपलब्ध गराउन सकेका छैनौं ।

तर अहिलेको नीति तथा कार्यक्रममा प्रस्तुत गरिएको छ । हामी छिटो यसलाई अगाडि बढाउछौं भनेर तर मलाई लाग्छ छिटोले होइन । किनकि हामीसँग यो काम गर्नका लागि प्रशस्त कर्मचारीहरू छन् । हुँदाहुँदै पनि सुशासनमा हाम्रो कमी कमजोरी भा'को कारणले गर्दा हामी परिचालन गर्न सकेका छैनौं । हामीले कार्यान्विनयको तह हाम्रो सरकारको अथवा विगतका दिनहरूमा फितलो भए । त्यसकारणले गर्दाखेरि यो चिजलाई मध्यनजर गरेर अगाडि बढाउनुपर्छ जस्तो मलाई लाग्छ र यसलाई अहिले हामीले यति दिनमा अथवा हामीले मिति दिएर कामअगाडि बढाउनुपर्छ । र यसका लागि हामी राज्यले के गर्नुपर्छ । त्यतातिर अगाडि बढ्नुपर्छ जस्तो मलाई लाग्छ ।

यसै गरी म अन्तिममा अहिलेको नीति तथा कार्यक्रममा विशेषतः हाम्रो सातओटा प्रदेशहरू छन् । सातओटा प्रदेशमा कर्णाली प्रदेश, सुदूरपश्चिम असाध्यै असाध्यै दयनीय अवस्थामा छ । सुदूरपश्चिमको अहिलेको राजस्व सङ्कलनलाई हेर्ने हो भने दुई अरब क्रसमा देखिन्छ । तर कर्णालीमा जाने हो भने सम्थिङ ६० करोड क्रममा उनीहरूको राजस्व सङ्कलन देखिन्छ । के यो बजेटले अथवा यो रकमले चाहिँ प्रदेशहरू सञ्चालन हुन सक्छन् । मलाई लाग्छ प्रदेशहरू सञ्चालन गर्नका लागि एकदम प्रदेशहरू एकदम सुके रोग लागेका जस्ता चाहिँ हैन । हाम्रो प्रदेशहरू हुँदैछ । यो अवस्थामा केन्द्रीय सरकारले विशेष गरेर अनुदानका कुराहरूभन्दा पनि तिनीहरूलाई ती प्रदेशलाई आत्मनिर्भर गर्नका लागि कस्ता खालका नीति कार्यक्रम र कस्ता खालका कानुनहरू बनाएर र कुन ढङ्गले कार्यक्रम प्रस्तुत गर्दाखेरि तिनीहरू आत्मनिर्भर हुन्छन्? यो कुरामा ध्यान दिन जरुरी छ । त्यसकारणले गर्दाखेरि मैले यसो हेर्दै जाँदाखेरि कर्णाली प्रदेश र सुदूरपश्चिममा विशेष गरेर कृषि उद्योग अथवा ऊर्जा जलस्रोत जडिबुटी पर्यटनलाई विशेष प्याकेजका रूपमा ती ठाउँमा केन्द्रित गरेर र ती प्रदेशलाई आत्मनिर्भर गर्नेतिर अगाडि बढ्नुपर्छ भन्ने म विचार राख्दै बिदा हुन्छ । हस् त, नमस्ते । अभिवादन ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भगवती न्यौपाने । समय ८ मिनेट । त्यसपछि माननीय कृष्ण प्रसाद पौडेल ।

(१४:४५ बजे) <u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रम नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत भयो हामी छलफल गरिरहेका छौं । नीति तथा कार्यक्रम राम्रो छ । धेरै राम्रो छ तर कस्तो राम्रो छ भने अहिले हिजो आज हामीले कपडा पसलहरूमा देख्ने गर्छौं एउटा राम्रो कपडा लगाइदिएर सुन्दर देखाइएको एउटा वस्तु त्यसलाई डमी भनिन्छ । त्यही डमीजस्तै राम्रो छ । जसको प्राण छैन । जसको जीवन छैन । त्यसैले यो नीति तथा कार्यक्रम डमीजस्तै छ । अनि भनिन्छ । प्रतिपक्षका माननीयहरूले प्रतिपक्षका सांसदहरूले त्यो डमीलाई मान्छे किन नभनेको? त्यो डमीलाई डमी किन भनेको? मान्छे भन्न पर्थ्यो नि जीवन छ । त्यसमा भन्न पर्थ्यो नि भनेर भन्ने गरिन्छ ।

वास्तवमा पलास्टिकको राम्रो फूल हिजो यहाँ फूल र काँडाको चर्चा भएको थियो । पलास्टिकको राम्रो फूल देखाएर यो फूल फूलबारीमा फुलेका सुन्दर फूलहरू हुन् भनेर भन्न खोजिएको छ । हामी भन्छौं । यो फूल सुन्दर फूलबारीमा फुलेको फूल होइन । पलास्टिककै फूल हो त्यसैले यो नीति कार्यक्रम त्यस्तै खालको कार्यक्रम छ । यहाँ भनिएको छ । समर्थन गर्ने माननीयज्यूहरूले पनि राख्नुभएको छ । अघि भर्खरै मैले सुनें । प्राथमिकता दिने विषयमा प्राथमिकता दिइएको छैन । स्वास्थ्य र शिक्षा सबैभन्दा बढी प्राथमिकता दिने विषय हो । प्राथमिकता दिइएको छैन । कृषिमा प्राथमिकता दिइएको छैन । अनि यो राम्रो छ । धेरै राम्रो तर प्राथमिकता दिइएको छैन । कृषिमा हामीले तेस्रो देशबाट कच्चा पदार्थ ल्याएर यहाँ प्रशोधन गरेर वस्तुहरू निर्यात गर्न सक्ने अवस्थामा नेपाल छैन । यही कृषिमा आधारित वनमा आधारित जडिबुटीमा आधारित कच्चा पदार्थहरूबाट त्यस्तो उद्योग सञ्चालन गरेर उद्योग विकास गर्ने, प्रवर्धन गर्ने, त्यो प्रविधिको विकास गरेपछाडि मात्र हामी निर्यात गर्न सक्छौं । त्यो कुराको यहाँ अभाव छ । त्यो कुरा नीति कार्यक्रममा उल्लेख छैन ।

अहिले वर्तमान समस्यालाई समाधान गर्नका निम्ति मानव स्रोतको कसरी परिचालन गर्न सकिन्छ । मानवस्रोत प्राकृतिक स्रोत वित्तीय स्रोत र सूचना र प्रविधिको स्रोतलाई कसरी परिचालन गर्न सकिन्छ? वस्तुनिष्ट ढङ्गले भन्ने विषयमा नीति कार्यक्रममा कुनै उल्लेख छैन । त्यसैले म भन्न चाहन्छु । हाम्रो आँखालाई दोषी देखिरहँदाखेरि हाम्रो आँखालाई हामीप्रति भ्रम रहिराख्दाखेरि यदि हामीप्रति प्रतिपक्षहरूप्रति भ्रम देख्नुभो' भने यो देश दुर्घटनामा पर्छ । यदि नीति कार्यक्रममा भ्रम देखियो भने साँचो अर्थमा यसलाई साँच्याएर हामीले यो देशलाई सुदृढ बनाउन सक्छौं यो देशको अर्थतन्त्रलाई सुदृढ बनाउन सक्छौं ।

वास्तवमा हामीले तथ्यमा हेर्ने हो । तथ्याङ्कमा हेर्ने हो । बहस हामीले केमा गर्ने तथ्याङ्कमा बहस गर्ने हो नि । सत्य र तथ्याङ्कले बताइरहेको छ । यो तथ्याङ्क हामीले मनगणन्ते हिसाबले भनेका छैनौं । तथ्याङ्क विभागले सार्वजनिक गरेका तथ्याङ्कहरू छन् । प्राइमिनिस्टरको वेबसाइटमा हेरियो हामीले । यो गत वर्ष अहिले यो वर्ष १,२७० क्रियाकलाप सम्पन्न गरिने छ भनेर प्रतिबद्धता व्यक्त गरिएको छ । १,२७० प्रतिबद्धताहरू थिए । मतलब क्रियाकलापहरू थिए तर सम्पन्न गर्ने बेलामा आजका दिनसम्म जम्मा १३० ओटा क्रियाकलापहरू आर्थिक क्रियाकलापहरू सम्पन्न गरेको छ । यो प्रधानमन्त्रीको वेबसाइटमा छ । हामी झुटो भनिरहेका छैनौं । त्यसैले तथ्याङ्क हेरम् तथ्याङ्कमा आधारित भएर बहस गरौं । हिजो प्रतिनिधि सभामा नेकपा एमालेका अध्यक्ष पूर्वप्रधानमन्त्रीले देशको यथार्थ वास्तविक चित्रलाई छर्लङ्ग हुने गरी बताइदिनुभो' तथ्याङ्कहरू सबै तथ्याङ्कहरू बताउनुभो' कि भन्नुपर्यो सरकारले त्यो तथ्याङ्क गल्ती छ भनेर तथ्याङ्क विभागले सार्वजनिक गरेका तथ्याङ्कहरू गल्ती छ भन्न पर्यो । होइन भने पुँजीगत खर्च कति भएको छ? राजस्व सङ्कलन कति भएको छ? अनि सबै अच्छा छ । आज राजस्व १० महिनासम्ममा ७५ प्रतिशत उठिसक्नुपर्ने थियो । मैले अस्ति हेरें । ६ गते यही जेठको ६ गते जम्मा राजस्व कति सङ्कलन भएको थियो भने राजस्व जम्मा ५४.५७ प्रतिशत मात्रै सङ्कलन भएको थियो । अब एक डेढ महिनामा कति सङ्कलन हुन्छ? त्यसैले अर्थतन्त्र के छ भन्ने कुरा यसले बताउँदैन । पुँजीगत खर्च जम्मा ३४ प्रतिशत पुँजीगत खर्च भएको छ । निर्यातको अवस्था हेर्ने हो भने निर्यात जम्मा २६ प्रतिशत मात्रै निर्यातको अवस्था छ किन निर्यात कम छ? के कारणले उत्पादन बढाउन सकिरहेका छैनौं भन्ने कुरामा सरकार जिम्मेवार हुन पर्छ कि पर्दैन? नीति कार्यक्रममा त्यो कुरा स्पष्ट हुन पर्छ कि पर्दैन । त्यसैले गरिन्छ, बनाइन्छ, गरिने छ, बनाइने छ जस्ता भाषाले मात्रै अर्थतन्त्र सुदृढ हुन्छ देशको विकास हुन्छ भन्ने कुरा स्वीकार गर्न सकिँदैन ।

त्यसैले अहिले महङ्गीको कुरा गर्ने हो भने दुई अङ्कले महङ्गी वृद्धि हुन लाइरहेको छ । ८ प्रतिशत महङ्गीले वृद्धि हुन लाइरहेको छ । देशको अर्थतन्त्र मन्दीतिर जान लाइरहेको छ । यसले सङ्केत गर्छ । मुद्रा स्फिर्तिको कुरा गर्ने हो भने १०० रुपियाँ गत साल १०० लगानी गर्दा ३ प्रतिशतले वृद्धि भएर १०३ रुपियाँ हुन्थ्यो । तर यो वर्ष १०० रुपियाँ पुऱ्याउनका निम्ति १०८ रुपियाँ लगानी गर्नुपर्छ । मुद्रा स्फिर्तिको अवस्था यस्तो छ । त्यसैले अर्थतन्त्रका सबै परिसूचकले भन्छ । देशको अर्थतन्त्र धेरै नाजुक छ । धेरै सङ्कट उन्मुख छ । त्यसैले यो क्यारे यो नीति कार्यक्रममा यो कुरालाई स्वीकार गर्नुको सट्टा बुँदा नम्बर ५ मा सबै उत्साहजनक एकदम उत्साह छ भनेर जे कुरा गरिएको छ । यद्यपि खण्डन पनि गरिएको छ

खण्डित पनि छ । १४ नम्बर बुँदाले त्यसलाई खण्डन गरेको छ । तर बुँदा नम्बर ५ मा जे लेखिएको छ । यथार्थ लेख्नुस् । नीति कार्यक्रममा देशको वास्तविकता लेख्नुस् । जनतालाई झुक्याउने काम नगर्नुस् । आज जे तथ्याङ्कहरू सार्वजनिक भएको छ । त्यही तथ्याङ्कहरूको आधारमा लेख्नुस् । म अनुरोध गर्न चाहन्छु ।

आज व्यापार खर्च व्यापार सम्पूर्ण रूपले सङ्कुचित छ । त्यस्तै गरेर अहिले संघीय सरकार ५० अर्ब ट्रेजरी घाटामा छ । वास्तवमा अहिले मैले निर्यातको कुरा गरें । युवाहरूलाई रोजगारी दिने कुरा गरिया छ तर युवाहरूलाई वर्षेसी श्रम बजारमा दुई वर्षमा ५ लाख युवाहरूलाई रोजगारी दिने कुरा गरिएको छ । तर वर्षेनी श्रम बजारमा पाँच लाख युवाहरू थपिन्छन् । अनि बाहिरबाट ४० लाख युवाहरू ल्याउनुपर्ने छ तर हामीले निर्यातको कुरा गर्दैगर्दा वस्तुको निर्यात गर्ने अवस्थामा यो देश छैन । तर निर्यात केलाई गरेको छ? मानव मस्तिसकलाई निर्यात गरेको छ । मान्छेलाई निर्यात गरिएको छ श्रमलाई निर्यात गरिएको छ । पाखुरालाई निर्यात गरिएको छ । यो विषयमा नीति कार्यक्रममा संवेदनशील ढङ्गले सोचेर त्यहीअनुसारको नीति कार्यक्रम आउनुपर्ने हो कि होइन? त्यसैले म भन्न चाहन्छु आज अर्थतन्त्रमाथि जान वास्तविक लगानीमाथि जानुपर्छ । कर्जा ३ प्रतिशतले र अघि मैले भनें मूल्य वृद्धि ८ प्रतिशत पुगेको छ । यस्तो खालको देशको अवस्था यस्तो छ  आज हाम्रो सरकार आएपछाडि अर्थतन्त्र सुध्रिएको सुशासन भएको छ भन्ने कथन जे गरिएको छ । यही हो त सत्य? म अनुरोध गर्न चाहन्छु । म प्रश्न गर्न चाहन्छु सरकारलाई । सत्य यही हो अर्थतन्त्र सुध्रिएको छ? त्यसैले नीति कार्यक्रममा यो विषयलाई ध्यान दिनुपर्छ म फेरि अन्तिममा ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय कृष्ण प्रसाद पौडेल । समय ५ मिनेछ । त्यसपछि माननीय तारामान स्वांर ।

(१४:५४ बजे) **माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, यस गरिमामय सदनमा आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रमका बारेमा आफ्ना केही कुराहरू राख्न चाहन्छु । कोभिड- १९ महामारी प्लस रुस युक्रेनको द्वन्द्वले संसारभरिको इकोनोमी जरजर भा'को छ । नेपाल पनि योबाट अछुत छैन र यस्तो बिषम् परिस्थितिमा पनि अहिलेको सरकारले केही नीति तथा कार्यक्रमहरू प्रायोरिटीमा राखेको छ । संविधान र संघीयताको उचित कार्यान्वयन, दिगो फराकिलो र समावेशी आर्थिक विकास तथा अर्थतन्त्रको

संरचनात्मक सुधार सार्वजनिक खर्चमा मितव्ययिता, त्यस्तै पुँजीगत खर्च वृद्धि गरेरै गुणस्तरीय पूर्वाधार विकास गर्ने, प्रशासकीय सेवा प्रवाहमा चाहिँ चुस्त दुरुस्त बनाउने, उत्पादन वृद्धि गर्ने, रोजगार वृद्धि गर्ने पर्यावरणलाई सन्तुलन गर्ने जस्ता आम नागरिकको मन छुने, दिल छुने समय सापेक्ष वास्तविक यथार्थपरक नीति तथा कार्यक्रम आएको हुनाले म मेरो व्यक्तिगत तर्फबाट र नेपाली काँग्रेस पार्टीको तर्फबाट यसलाई हार्दिक स्वागत गर्दै समर्थन गर्न चाहन्छु । तर यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वनयको लागि रिजल्ट ओरिएन्टेड कार्यान्वयनको लागि केही अनियमितताहरू भ्रष्टाचार, कर छली, कृत्रिम अभाव कालोबजारी एकाधिकारलगायतका सुशासन विरोधी क्रियाकलापको अन्त्य गर्नको लागि राजनीतिक तहमा नेतृत्व तहमा दृढ इच्छा शक्तिले अठोटको आवश्यकता छ । यदि हामीले यो सुशासन कायम गर्न सकियो भने । यो मुलुकको सुख, शान्ति, समृद्धि र मुलुकको अर्थतन्त्रले ट्र्याकमा आउँछ । कोल्टे फेर्छ र आम नागरिकको सपना पूरा हुन्छ भन्ने कुरामा म तथ्य र तथ्याङ्कबाट पनि प्रमाणित गर्न सक्छु र ५ मिनेटको समयमा यो नसक्ने भ'को हुनाले यसलाई तथ्य र तथ्याङ्कमा पछि प्रमाणित गरौँला ।

र अर्को कुराः म के भन्न चाहन्छु भने । यो अख्तियार दुरुपयोग अनुसन्धान आयोग र यो राष्ट्रिय सतर्कता केन्द्रजस्तो नियमनकारी संस्थालाई आवश्यक पर्ने जनशक्ति, फाइनेन्सियल रिसोर्स यिनीहरूलाई इम्पावर गरेर शक्तिशाली बनाएर र देशमा चाहिँ जे भैरा' छ । आमनागरिकले यो सुशासनको अपेक्षा गरेका छन् र यी दुइटा संस्थालाई यीलगायत अनुगमनकारी संस्थालाई चाहिँ हामीले एक्टिभ बनाउनुपर्छ भन्ने मेरो भनाइ छ ।

अब नीति तथा कार्यक्रममा विपन्न परिवारहरूको लागि चाहिँ विद्युतीय मिटर त्यस्तैः वर्षायाममा चाहिँ ५० युनिट र हिउँदमा चाहिँ ३० युनिट विद्युत् निःशुल्क दिने यो कार्यक्रम अत्यन्त सान्दर्भिक र उचित लाग्छ । र यसमा म के भन्न चाहन्छु भने के जोड्न चाहन्छु भने भान्सामा चाहिँ ग्यास पाइपको सट्टा विद्युतीय चुलो राख्नका प्रति पनि यो नीति तथा कार्यक्रम र यसमा बजेट पनि आओस् भन्न चाहन्छु ।

र अर्को के भन्न चाहन्छु भने संसार गरिबभन्दा गरिब मुलुकहरूको भन्दा पनि हाम्रो चाहिँ यो विद्युत् खपत कम देखिएको छ । यसलाई बढाउ भन्छु म । एक घर एक धारा भनिएको छ तर हामी अहिले चाहिँ करिब २३ पोइन्ट सम्थिङ नागरिकले मात्र शुद्ध खानेपानी पिउन पाएका छौँ । यसतर्फ सरकारले पानीको धारा मात्रै हैन शुद्ध पानी पनि पुऱ्याओस् भन्न चाहन्छु ।

त्यस्तै युवा पलायनबाट रोक्नको लागि युवाहरूलाई यो देशमा मेरो पनि भविष्य छ मेरो पनि सीप छ मेरो पनि क्षमता छ मेरो पनि योग्यता छ भनेर युवालाई हामीले यो देशमा रोक्न सकेनौं भने मलाई के लाग्छ भने आफ्टर फिफ्टिन इयरस यो कन्ट्री बुढा र केटाकेटीको मात्रै रैछ र यो बजेट आउँदा त्यतातिर पनि ध्यान पुगोस् भन्न चाहन्छु । (१ मिनेट समय माग गर्दछु ।)

अब कृषिको बारेमा के भनिएको छ भने बाली लगाउनु पूर्व नै प्रमुख कृषि वस्तुहरूको न्यूनतम समर्थन मूल्य तोकिने भन्या छ । यो अत्यन्त राम्रो कुरा हो यो व्यवहारमा आउन सकोस् । र कृषिको साँच्चैको विकास गर्ने र किसानलाई कृषिमा मोटिभेसन गर्ने भने यो सप्लाई चेन स्थानीय तहलाई चाहिँ ऐन, कानुन नियम के के बनाएर दिनुपर्छ । यसको होल सोल एकाउन्टिबिलिटी रेस्पोन्सिबिलिटी स्थानीय तहलाई दिनुपर्छ । त्यो बजेटमा पनि आओस् ।

त्यस्तैः म के भन्न चाहन्छु भने नेपालको कुन खातियोग्य जमिन ५९ पोइन्ट ९ लाख हेक्टर छ त्योमध्ये १० लाख हेक्टर चाहिँ बाँझै छ । त्यो बाँझोलाई पनि हामीले चाहिँ प्रयोगमा ल्याउनुपर्यो र कृषिमा युवालाई जोड्न सक्नुपर्यो । कृषि युवाहरूको रोजाइको विषय हुनपर्यो भन्ने म भन्न चाहन्छु । यति भन्दै आफ्ना केही भनाइहरू बन्द गर्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**ः- माननीय तारामान स्वांर । समय ६ मिनेट । त्यसपछि माननीय इन्दिरा देवी गौतम ।

(१५:०१ बजे) **माननीय श्री तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, आन्तिरक र बाह्य समस्याले गर्दा अर्थतन्त्र जोमिखपूर्ण रहेको अवस्थामा सम्माननीय राष्ट्रपतिज्यूबाट सरकारमार्फत सरकारले पेस गरेको ०८०/०८१ को नीति तथा कार्यक्रममाथि हामी छलफल गरिरहेका छौं । यसमाथि मुख्य रूपले तीनओटा कोणबाट चर्चा भैरहेको छ ।

पहिलो यो परम्परागत निरन्तरतासहित आएको छ । दोस्रो यसमा केही पनि छैन । पहिलेकै नीति तथा कार्यक्रमहरूको कपी पेस्ट मात्रै हो र तेस्रो यो देशको वर्तमान आवश्यकताअनुरूप आएको छ । निश्चय नै यो नीति तथा कार्यक्रम सपनाका पुलिन्दा बाढेर नचाहिँदा गफ मात्र गर्ने रोगबाट मुक्त रहेको छ । पूरा नहुने महत्त्वाकाङ्क्षी योजनाका फेहरिस्त यसमा छैन । सरकारले वर्तमान अवस्था र भएका साधन स्रोतको राम्रो पहिचान गरेको छ ।

विगतका राम्रा र आवश्यक नीति तथा कार्यक्रमहरूलाई निरन्तरता दिनुका साथै उत्पादन र उत्पादकत्व बढाउने खालका नीति तथा कार्यक्रम सरकारले ल्याएको छ । यसैलाई केहीले परम्परागत निरन्तरताका रूपमा देखेका छन् । सपना र पूरा नहुने कामकाजी योजनामा रमाउनेहरूले त्यो नपाउँदा यो नीति तथा कार्यक्रममा नयाँ केही नदेखु र पहिलेकै कपी पेस्टको रूपमा बुझ्नु स्वाभाविक नै हो ।

सम्माननीय अध्यक्ष महोदय, नीति तथा कार्यक्रम सन्तुलित रहेको छ । यसले अर्थतन्त्रको समस्यालाई पहिचान गरी सम्बोधन गर्ने प्रयास गरेको छ । नीति तथा कार्यक्रममा अर्थतन्त्रको संरचनात्मक सुधार, सार्वजनिक खर्चमा मितव्ययिता, पुँजीगत खर्चमा वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार गर्ने उल्लेख हुनुका साथसाथै भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी वृद्धि हरित अर्थतन्त्रको विकास, पर्यावरणीय, सन्तुलन आर्थिक सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, समावेशी विकास, शान्ति प्रक्रियाको तार्किक निष्कर्ष मुलुकको राष्ट्र हितको रक्षा एवम् स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने सरकारका प्रमुख नीतिगत प्राथमिकता हुने जनाइएको छ ।

प्रदेशगत हिसाबले मधेस, सुदूरपश्चिम र कर्णालीलाई विशेष प्राथमिकतामा राखेर आर्थिक वृद्धि दर बढाउने कार्यक्रम ल्याउने गरी जोड दिइएको छ । उत्पादनमुखी कार्यक्रम औद्योगिक विकास र सार्वजनिक नीति साझेदारी अवधारणालाई प्रभावकारी बनाउने प्रयास गरिएको छ । सरकारले आफ्नै देशमा भएका प्राकृतिक स्रोत व्यवस्थापन र निर्यात गर्ने स्वदेशी उत्पादन प्रयोगमा जोड दिने नीति लिएको छ । कृषि, पर्यटन, जलस्रोत र उद्योगलाई प्राथमिकतामा राखेर आत्मनिर्भर नेपालको मार्ग चित्र कोर्ने प्रयास गरेको छ निश्चय नै यो नीति तथा कार्यक्रम वास्तविक जमिनमा उभिएको व्यवहारिक तथा देश र जनताको भावनालाई सम्बोधित गर्ने खालको छ ।

सम्माननीय अध्यक्ष महोदय, नीति तथा कार्यक्रममा कतिपय कुराहरू सामान्यीकरण र अभूर्त रूपमा आएका छन् । तिनलाई विशिष्टीकरण र मुर्तीकरण गरिनुपर्दछ । आत्मनिर्भर अर्थतन्त्रका लागि खुल्ला सीमा बन्द गरिनुपर्दछ । जबसम्म हाम्रो सीमा खुल्ला रहन्छ । त्यसबाट हुने कालो बजारी, तस्करी र अन्य अपराधिक गतिविधिको कारणले हामी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न सक्दैनौं । यसतर्फ सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । औद्योगिक, कच्चा पदार्थहरूको भन्सार दर घटाइनुपर्दछ र अन्तमा म के भन्न चाहन्छु भने विकासको जो नवउद्धारवादी मोडेल छ । यसलाई समाजवादी मोडेलले विस्तारै प्रतिस्थापित गर्दै जानुपर्दछ । नीति तथा कार्यक्रममा आएका नीतिगत कुराहरू बजेटमार्फत प्रभावकारी

कार्यान्वयन हुनुपर्दछ । सबै माननीयज्यहरूले पनि यही कुराहरूमा जोड दिनुभएको छ । विगत कार्यान्वयनको पक्ष अत्यन्तै कमजोर रहने क्रमलाई भङ्ग गर्न आवश्यक छ । यसले नै सरकारप्रतिको विकास र सरकारको सफलता निर्धारण हुने छ भन्दै म आफ्ना भनाइ यहीँ अन्त गर्दछु । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय इन्दिरा देवी गौतम । समय ५ मिनेट । त्यसपछि माननीय जगत बहादुर पार्की ।

**(१५:०७ बजे) <u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मिति २०८० जेठ ५ गते सम्माननीय राष्ट्रपतिज्यूबाट आर्थिक वर्ष २०८०/०८१ को सरकारको नीति तथा कार्यक्रम संघीय संसदको संयुक्त सदनमा प्रस्तुत गर्नुभएको छ । यस कार्यक्रममाथि हामीले लगातार छलफल गरिरहेका छौं । प्रस्तुत कार्यक्रमका कार्यमा बुँदागत रूपमा धारा नराख्न समय नपुग्ने भएको हुनाले सार सङ्क्षेपमा आफ्ना विचारहरू राख्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रम देशमा हालको चुलिँदो आर्थिक सङ्कटलाई निकास दिन सक्ने । विकास र समृद्धिको लागि नयाँ र आशा लाग्दो विश्वासिलो कुनै पनि कार्यक्रम देखिएको छैन । यो नीति तथा कार्यक्रमले अघिल्लो वर्षको कार्यक्रमको कार्यान्वयन भएको अवस्थाको ठोस् समीक्षा नगरी । अघिल्लो वर्षको निरन्तरताका रूपमा मिठो भाषा र शब्द राखेर आशा आश्वासनको संयोजन गर्दै दस्तावेजीकरण गरिएको छ । यो नीति तथा कार्यक्रम केही अनयोल पूर्णताले भरिएको छ । जसमा भनिएको छ । सरकारले कार्यभार समालेको छोटो अवधिमा प्राप्त उपलब्धिहरू उत्साहजनक छन् । त्यसै गरी राजस्व, वैदेशिक सहायता र वैदेशिक लगानीमा सकारात्मक प्रभाव मानिएको छ । नागरिकको भरोसा र जागरुकता उत्साहजनक हिसाबले बढेको भनिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, अर्कोतिर अर्थतन्त्रमा मागमा आएको ह्रास तलरताको सङ्कुचन उच्च ब्याज दर मूल्य वृद्धि, न्यून पुँजीगत खर्च घरको राजस्व परिचालन तथा बाह्य क्षेत्र सन्तुलनमा परेको चापलाई सम्बोधन गरिने भनिएको छ । १४ नम्बर बुँदामा उल्लेख गरिएको उल्लेखित समस्या भोगिरहेको अर्थतन्त्रमा केलाई उत्साहजनक उपलब्धि भनिएको यो बुझ्न सकिएन । यो सरकार बनेकोपछि जनता र अर्थतन्त्रमा कस्तो प्रभाव परेको छ भन्ने कुराको यथार्थ प्रतिविम्ब हुन सकेको छैन ।

प्रस्तुत नीति तथा कार्यक्रमले सबै क्षेत्रमा गरिने छ, लागिने छ, मात्र भनिएको छ र विशेष गरी समस्या ग्रस्त क्षेत्रको प्राथमिकीकरण गरेर त्यसका लागि आवश्यक पर्ने ठोस् नीति र कार्यक्रम समय तोकेर कार्यान्वयनको लागि प्रतिबद्धता आउनुपर्ने थियो तर सामान्य अवस्थाको जस्तो सबै क्षेत्रमा चल्ते चलाते हिसाबबाट सरकार प्रस्तुत भएको छ । गत दुई वर्ष सरकारले के गर्यो त्यसको उपलब्धि खै? के भयो अध्यक्ष महोदय, बनाइने छ, गरिने छ, लागिने छ, अब गरिँदै छ आदि वाक्यांशहरूले भरिपूर्ण यो नीति तथा कार्यक्रमको दस्तावेज जनताको जीवनस्तर सुधार विकास निर्माण आदिमा यो यो गरियो यति उपलब्धि हासिल भए ।

(१५:०८ बजे) <u>पुनःपीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

<u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- अब यसभन्दा अगाडि यस्ता यस्ता कार्य गरेर अगाडि बढिने छ भन्ने विषय सरकारले दिन सकेको छैन । कृषिजन्य उत्पादन घटेर आयातपूर्ण आयातमा पूर्ण भर पर्नुपर्ने अवस्था छ । यसको समाधान के हुन सक्छ र कहिलेसम्म समाधान हुन सक्छ । देशभित्र गुणस्तरीय र रोजगारीको ग्यारेन्टी हुने शिक्षा नीति के हो? यो कहिले पूर्ण गर्न सकिन्छ? कृषि क्षेत्र, शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा भरोसायोग्य विश्वासिलो सङ्केत दिन सकेको छैन । देशभित्र उपयुक्त वातावरणमा नहुँदा वर्षेनी लाखौंका सङ्ख्यामा नेपाली युवा पलायन भैरहेको अवस्थामा अझ नयाँ श्रम गन्तव्य मुलुकको खोजीमा सरकार लागेको छ ।

स्वास्थ्यको क्षेत्रमा विकराल समस्या जनताले भोगिरहेको अवस्था छ । त्यसको निधान के हो? राष्ट्रपति उत्थान जीविकोपार्जन सुधार कार्यक्रम किन हटाएको? यो वर्षको नीति तथा कार्यक्रममा यसलाई निरन्तरता दिँदा उपलब्धिमूलक हुने थियो । योग माया आयुर्वेदिक विश्वविद्यालय र मदनभण्डारी विश्वविद्यालय यो नीति तथा कार्यक्रममा हटेको छ किन हट्यो? किन छुट्यो? नीति तथा कार्यक्रम प्रस्तुत गर्न मात्र होइन अध्यक्ष महोदय, कार्यान्वयन परिणाम, प्रभावका हिसाबले पनि आउनुपर्छ । त्यसैले वर्तमान समस्या समाधानको विकल्पको पहिचान गर्नुपर्दछ । जनस्तरमा अहिले सुशासन प्रत्याभूति हुन नसक्दा जनताले भौतिक विकासमा प्राप्त उपलब्धिलाई नजरअन्दाज गरेको अवस्था छ । हाम्रो प्राथमिकता र सुशासनको प्रत्याभूति गराउन अनलाइन प्रणालीबाट सेवा विस्तार गर्ने र सुशासनको प्रत्याभूति दिलाउनुपर्ने अवस्था छ ।

व्यापार व्यवसाय ठप्प छ । सहकारीहरू एकपछि अर्को गर्दै समस्यामा फस्दै गएका छन् । त्यसका सञ्चालकहरू फरार छन् । बैङ्कसँग पैसा छ भन्ने सुनिन्छ तर लगानी गर्न सकेका छैनन् । मुलुकले करिब ५ दशकभन्दा बढीको इतिहासमा पहिलोपटक राजस्वको वर्तमान अवस्था भोगेको छ चालु खर्चको भन्दा ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय जगत बहादुर पार्की । समय ६ मिनेट ।

(१५:१२ बजे) **माननीय श्री जगत बहादुर पार्की (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय सभाध्यक्षज्यू, हामी यो सम्मानित सदनमा २०८०/८१ को नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छौं । र यो छलफलमा हामी सबै माननीय सदस्यहरूले आफ्ना धारणा राख्ने क्रम जारी छ । र म एउटा के सम्मानित सभाध्यक्षज्यूमार्फत के कुरा ध्यानाकर्षण गराउन चाहन्छु भने । सबै माननीय सदस्यज्यूहरूले व्यक्त गरेका सकारात्मक विषय वस्तुहरूलाई नीति कार्यक्रममा परिमार्जन गर्ने र त्यसलाई समावेश गर्ने एउटा प्रक्रिया सुरुवात गर्नुपर्छ । तब मात्रै यसको औचित्य हुन्छ भन्ने मलाई लाग्छ । सांसदहरू जतिले आफ्नो चाहिँ धारणा राख्ने तर नीति कार्यक्रममा एउटा पनि कमा र फुलिस्टप पनि चेन्ज नहुने हो भने त्यसले चाहिँ सकारात्मक चाहिँ एउटा उ बन्दैन जस्तो लागिरा'को छ । त्यसको भा' कारणले म सम्मानित सभाध्यक्षज्यूमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

सम्माननीय सभाध्यक्षज्यू, यो नीति कार्यक्रम जुन पेस भएको छ । यो नीति कार्यक्रम वास्तवमा भन्ने हो भने यथार्थपरक । वस्तुनिष्ट छ । र यसले नेपाली समाजमा देखा परेको अहिलेको सङ्कटलाई समाधान गर्ने एउटा उद्देश्यलाई केन्द्रविन्दुमा राखेको छ । हामीले हेर्न सक्छौं । सरकार गठन भए लगतै देशमा एउटा आर्थिक समृद्धिको बाधकको रूपमा रहेको कुशासन, भष्टाचार र बेथितिको विरुद्धमा सरकारले एउटा ऐतिहासिक कदम चालेको छ । ऐतिहासिक कदम चालेको छ । जबसम्म हामी यो देशमा तपाईंको स्थायित्व र सुशासन कायम गर्न सक्दैनौं। तबसम्म देश चाहिँ एउटा समृद्ध मुलुक बन्न सक्दैन । त्यो कुरालाई केन्दविन्दुमा राखेर सरकारले कडाइका साथ भ्रष्टाचारको विरुद्धमा स्टेपहरू चालेको छ । यद्यपि प्रतिनिधि सभामा अब केही सांसदहरूले केही पनि भा'को छैन हैन भन्ने खालका विचारहरू पनि व्यक्त गर्नुभयो । त्यो अत्यन्तै चाहिँ दुःखदायी हो भन्ने मलाई लागेको छ ।

सम्मानित प्रतिनिधि सभामा हिजो प्रतिपक्ष दलका नेताज्यूले कुनै पनि निर्दोष फसाइनुहुँदैन भन्ने ढङ्गले घुमाउरो पाराले फेरि भ्रष्टाचारको एउटा संरक्षण गर्ने जो मान्छेहरू पक्राउ परेका

छन् । जे विषयमा अनुसन्धान भइरहेको छ । जुन व्यक्तिहरू अहिले हिरासतमा लिएर अनुसन्धान भइरहेको छ । ती व्यक्तिहरू निर्दोष होइनन् कि भन्ने ढङ्गले उहाँले अभिव्यक्ति दिनुभो' । त्यसकारणले गर्दा अब सरकारले गरेको राम्रो कामको हामीले समर्थन गर्नुपर्छ । गुण र दोषको आधारमा आलोचना वा विरोध गर्न हामीले सिक्नुपर्छ । यदि त्यो गर्‍यौं भने प्रतिपक्षको एउटा धर्म पनि निर्वाह हुन्छ । तर सरकारले गरेको सबै कामहरू नराम्रा हुन् । यो नीति भनेको केही नीति नै होइन । शून्य हो भन्ने खालको ढङ्गले हामीले विचारहरू व्यक्त गर्‍यौं भने त्यो एउटा चाहिँ जिम्मेवार प्रतिपक्षको भूमिका चाहिँ निर्वाह गरेको ठहरिँदैन भन्ने मलाई लाग्छ ।

अब म नीति कार्यक्रममा केही कुराहरू मैले भने यो मुलुकको एउटा आर्थिक समृद्धिको आधार हरेक मुलुकको आफ्नो आफ्नै हुन्छ । र नेपालको पनि फरक छ भन्ने हामीले बुझेका छौं । र अहिले हामीले धेरै कुरा त, धेरै विषयमा चर्चा गर्न त समय छैन । छ मिनेट मात्रै छ । म एक दुइओटा कुरा के राख्न चाहन्छु भने ।

हाम्रो दुइओटा विशाल छिमेकी मुलुकको बिचमा हामी छौं । र त्यो दुइओटा विशाल छिमेकी मुलुकहरूका विशाल छिमेकीहरूको एउटा मान्छेहरूलाई त्यहाँबाट पर्यटन भित्र्याउने ढङ्गले चाहिँ एउटा पर्यटनको क्षेत्रमा हामीले राम्रो ढङ्गले डेभलप गर्न सक्यौं भने अहिले १० लाख पर्यटन आइरहेका छन् । हामी १ करोड जति पर्यटन भित्र्याएर नेपालको कायापलट गर्न सक्छौं । र यो नीति तथा कार्यक्रममा पर्यटन क्षेत्रको पर्यटन क्षेत्रलाई अत्यन्त महत्त्व दिएको छ । र त्यो गर्न सक्यौं । र यो नीति कार्यक्रमलाई हामीले राम्रो ढङ्गले एउटा कार्यान्वयन गर्न सक्यौं र त्यसलाई चाहिँ तपाईंको चाहिँ समयमै कार्यान्वयन गर्न सक्यौं भने पर्यटन क्षेत्रबाट मात्रै पर्यटकीय क्षेत्रहरूको विकास गर्न सक्यौं भने पनि हाम्रो मुलुकले कायापलट गर्न सक्छ । कम लगानीमा छिटै प्रतिफल आउने एउटा चाहिँ कुरा यो हो भन्ने मलाई लागेको छ । र यो नीति कार्यक्रममा त्यसलाई महत्त्वका साथ उठाइएको छ ।

विदेशमा नेपालका चाहिँ प्राकृतिक सम्पदाहरूलाई नेपालका सांस्कृतिक धरोहरलाई विदेशमा ब्रान्डिङ गर्ने र प्रचारप्रसार गर्ने जुन काम चाहिँ उच्च महत्त्वका साथ दिएको छ । यो राम्रो छ । र अर्को म सुदुरपश्चिमको नाताले पनि सुदुरपश्चिममा खप्तड पर्यटन क्षेत्रमा एउटा धार्मिक महोत्सव हुँदैछ । त्यहाँका साथीहरूले बाबा रामदेवलाई त्यहाँ ल्याएर । त्यो क्षेत्रको प्रचार प्रसार गर्ने भनेर चाहिँ अब त्यो तयारी गरिराखुभएको छ । म सम्माननीय सभाध्यक्षममार्फत नेपाल सरकारको त्यो सम्मेलनलाई सफल पार्नको निमित्त एउटा आर्थिक सहयोग गरिदिनुहुन पनि म अपिल गर्न चाहन्छु । जुन नीति कार्यक्रममा पनि यो समावेश भएको छ ।

र अर्को कुरा यहाँ कतिपय कुराहरू कस्तो छ भने सभाध्यक्षज्यू नीति कार्यक्रममा के कुरा भनेको छ भने काठमा चाहिँ नेपाललाई आत्मनिर्भर बनाइने छ भन्ने कुरा लेखिएको छ । जब कि नेपालमा काठ चै काठमा आत्मनिर्भर छ नै तर त्यसको सदुपयोग गर्नुपर्ने आवश्यकता छ । र ढलापर रूखहरूलाई आवश्यक प्रक्रिया गरी दुई वर्षभित्र चाहिँ यसलाई बिक्रि वितरण गरिनेछ भन्या छ । ढलेको रूख छ । त्यसलाई बिक्री वितरण गर्न दुई वर्ष किन कुर्नु पर्‍यो? अहिले दुई तीन महिनामा गर्न सकिन्छ नि त त्यो त हैन? दुई वर्षपछि त आगो लागेर सढ्छ । म डढेलधुराको मान्छे, सुदुरपश्चिमको मान्छे अहिले पनि त्यहाँका जङ्गलहरूमा लाखौं सेप्टी काठहरू ढलेको छ । त्यसलाई मध्यनजर गरेरै यो नीति कार्यक्रममा समावेश गरिएको होला । राम्रो कुरा छ । तर चाहिँ दुई वर्ष पर्खिने कुराले त्यो चाहिँ हाम्रो धन जन सढेर जाने र आगो लागेर जाने, नष्ट भएर जाने स्थिति छ । त्यसलाई ऊ गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

अर्को कुरा दलितहरूको सन्दर्भमा तपाईंको चाहिँ अन्य जातिहरूसँग जोडेर दलितको चाहिँ समस्यालाई सम्बोधन गर्ने भनेर ल्याइएको छ । दलित एउटा छुट्टै दलितको तपाईंको समस्या भनेको छुट्टै हो । दलितको उत्पीडन भनेको छुट्टै प्रकृतिको छ । र त्यो कुरालाई म यहाँ महत्त्वका साथ दिइएको छैन । म के गम्भीरतापूर्वक आग्रह गर्न चाहन्छु भने दलित ..... (समय सकिएको) ।

(१५:१९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८० साल जेठ ५ गते शुक्रवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८०/०८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ ९ गते मङ्गलवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ ९ गते मङ्गलवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:१९ बजे ।**